# अध्याय एक

# परिचय

## १. पृष्ठभूमि

मानिस एक सामाजिक प्राणी भएको नाताले उसले आफ्नो अस्तित्व समाज भित्र मात्रै कायम गर्न सक्दछ । मानव इतिहासको क्रमलाई हेर्दा समाजमा पुरुष र नारीको अस्तित्व, समान सहभागीता र योगदान रही आएको छ । यस शास्वत नियमलाई विश्वका हरेक वैज्ञानिकका साथै नीति र धर्मशास्त्रले समेत स्वीकार गर्दै आएका छन् । नेपाली समाज भनेको हिन्दु समाज हो भने हिन्दु धर्मशास्त्रले त नारी वा पुरुष कुनै एक भनेको केवल आधा शरीर मात्र हो तबमात्र मानिस पूर्ण बन्दछ जब स्त्री र पुरुष दुवैको समायोजन हुन्छ भन्ने मान्यता राख्दछ (पौडेल, २०५८) ।

हिन्दु धारणा अनुसार महिलालाई देविको रूपमा पुजीने चलन देखिन्छ परापूर्वकालमा नारीको स्थान ज्यादै महत्वपूर्ण र मर्यादित थियो । 'नारी' या महिला शब्दले घरको परिचय गराउँथ्यो । तापनि उनीहरूले समेत आफ्नो जिम्मेवारीको हिस्सा ठान्दथे । पत्नीलाई पतिको आधा अंग मानिन्थ्यो भने अर्थात् पुरुषलाई पनि पत्नी बिनापूर्ण मानिदैनथ्यो । पत्नीको अनुपस्थितिमा पतिबाट गरिएको धार्मिक कार्य समेत निष्फल हुन्छ भन्ने अवधारणा समेत रहेको कुरा राजा रामले अश्वमेध यज्ञ गर्न लाग्दा सुनको सीता बनाई आफूसँगै राखी यज्ञ गरेकोबाट पुष्टी हुन्छ । यसरी प्राचीनकाल देखि नै मर्यादित र सम्माननिय स्थान ओगड्दै आएको महिलाहरूको स्थितिमा बिस्तारै बिस्तारै कुठाराघात हुँदै जान थाल्यो र महिलाहरूले घर बाहिर जानु हुदैन भन्ने जस्ता कुबिचारहरूको जन्म हुन पुग्यो । फलस्वरूप पुरुषहरूको अहम् भावनाले महिलाहरूलाई घरको चार दिवार भित्र गुम्सन बाध्य बनायो साथै पुरुष प्रधान समाजको निर्माण हुन पुग्यो तर पनि परिवार र समाजमा महिलाको योगदान ज्यादै बढि देखिन्छ । घरायसी र अन्य काम गर्ने कुरालाई समेत दृष्टि गोचर गरि हेर्ने हो भने प्रतिदिन महिलाले पुरुषको तुलनामा झण्डै दोब्बर काम गर्दछन् तर उनीहरूको काम र योगदानको कुनै मूल्यांकन गरिदैन (राय, १९७६) ।

मानव इतिहासको सुरुवात क्रममा हेर्दा महिला र पुरुष बीच कुनै भेदभाव थिएन भन्ने मान्यतालाई सहर्स स्वीकार्दछौ । तर पछि आएर मात्र भेदभावको स्थिति देखा पर्दै गएको हो । यसको प्रत्यक्ष असर आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, धार्मिक आदि

सम्पूर्ण पक्षहरूमा देखा पर्न गयो । यसले गर्दा एउटै परिवारका महिला र पुरुष बीच भेदभावपूर्ण अर्थात् असमानताका बादलहरू मडारिन थाले । अहिले संसारका अधिकांश समाजमा पुरुष नियन्त्रण नै बढी देख्न सकिन्छ । यो समाजको परिवर्तित स्वरूप हो भन्ने कुरामा धेरै विद्वान्हरू सहमत छन् (ओझा, २०६३) । प्रशिद्ध समाजशास्त्री इ.वि. टायलर ( १९७८) ले समाज विकासको शुरुका दिनमा पुरुष माथि महिलाको नियन्त्रण थियो तर यो अवस्था धेरै दिन टिक्न सकेन जसको परिणाम स्वरूप समाज विस्तारै पितृसत्तातर्फ रूपान्तरण हुँदै गएको कुरालाई आफ्नो अध्ययनमा प्रष्ट पारेका छन् । यहि तथ्यलाई स्वीकार गर्दै महान विचारक एङगेल्स (१९७८) ले “आदिम कालमा रहेका मातृसत्तात्मक पारिवारिक ढाँचा परिवर्तन हुँदै गएर समाजमा पितृसत्तात्मकताको शुरुवात भएको हो । जुन महिलाहरूको अत्यन्तै ठूलो हार थियो ।” भन्ने विचार व्यक्त गरेका छन् ।

त्यस्तै गरि विश्वका महान् विचारक देखि लिएर प्रमुख धर्मशास्त्रहरू समेत महिलाहरूप्रति पूर्वाग्राही देखिन्छन् । अरस्तु भन्दछन् - “पोथीको आत्मा हुँदैन” महिलाहरूको शरीर कमजोर भएकाले नै उनीहरूको योग्यता पनि कमजोर भएको हो । त्यस्तै गरी सिग्मण्ड फ्रायड भन्दछन् -“महिलाहरूको शरीर नै भाग्य हो ।” त्यस्तैगरी धार्मिक दृष्टिकोणमा हेर्ने हो भने हिन्दु, बौद्ध, इश्लाम, क्रिश्चियन आदि धर्मशास्त्रले पनि लैगिङ्क विभेदलाई प्रोत्साहन दिइराखेको छ । प्रशिद्ध धार्मिक ग्रन्थ बाइबलका अनुसार - “कोरी र आइमाईलाई समान दयाभाव राख्नु पर्दछ ।” त्यस्तै गरी हिन्दु धर्मशास्त्रका प्रणेता मनु भन्दछन् - “आईमाईलाई बाल्यकालमा बाबुले, यौवनकालमा लोग्नेले, बुढेसकालमा छोराले नियन्त्रणमा राख्नुपर्दछ ।” यि कुराहरूका आधारमा हामी के भन्न सक्छौ भने विश्वका महान विचारक देखि प्रमुख धर्मशास्त्र पनि समानताको पक्षमा देखिदैनन् । विश्वका अधिकांश समाजमा पुरुषको तुलनामा महिलाहरूको भूमिका बढी देखिन्छ । पुरुषहरू खासगरी उत्पादन तथा सामाजिक भूमिकामा संलग्न हुन्छन् भने महिलाहरू यि दुवै भूमिकाको साथसाथै जैविक रूपमा पनि पुनरउत्पादक भूमिकामा संलग्न हुन्छन् साथै भ्रूण अवस्था देखि नै विभिन्न यातना, अपमान, घृणा आदि भोग्नु पर्ने स्थिति देखिन्छ । यसबाट महिलाहरूको मानव अधिकारको अवहेलना भैरहेको स्थितिलाई स्वीकार्न हामी बाध्य छौ । हुनत महिलाका पक्षमा विभिन्न सन्धी, सम्झौता नभएका पनि होइनन् । जस्तै संयुक्त राष्ट्र संघको वडापत्र १९४५, मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८, महिला विरुद्ध भेदभावका सबै स्वरूपहरूको उन्मूलन विषयक संयुक्त राष्ट्र संघीय सन्धी १९७९, शैक्षिक भेदभाव विरुद्धको

युनेस्को सन्धी १९६२ लगायत विभिन्न सन्धि, सम्झौता, भेला निकै अगाडी देखि भएता पनि समस्या यथावत नै छ (श्रेष्ठ र अन्य, २०६६) ।

नेपाली समाजमा विगत देखि नै लैङ्गिक असमानता हुँदै आएको पाइन्छ । दशौं योजनाको अनुसार महिलाहरू आफ्नो पुरुष समकक्षी भन्दा प्रतिदिन औषत ११ घण्टा बढी कार्य गर्दछन् (दशौं योजना, २०५९-२०६४) । त्यस्तै गरी स्त्री शक्तिले नेपालको सन् १९९३ मा गरेको अध्ययन अनुसार ग्रामीण क्षेत्रका महिलाहरूले प्रतिदिन १० घण्टा ३३ मिनेट काम गर्ने गर्दछन् । जबकी पुरुषले जम्मा प्रतिदिन ७ घण्टा १७ मिनेट मात्र काम गर्दछन् । सहरी क्षेत्रका महिलाहरूले ७ घण्टा ५५ मिनेट काम गर्दछन् । जबकी पुरुषले प्रतिदिन जम्मा ६ घण्टा काम गर्दछन् । चाहे शहरी होस् या ग्रामीण क्षेत्रका पुरुषले आफ्नो काम गर्ने समय मध्ये २०% भन्दा कम मात्रै समय घरेलु काम धन्दा र विस्तारीत आर्थिक क्रियाकलापमा बिताउने गर्दछन् भने शहरी तथा ग्रामिण क्षेत्रका महिलाहरू ७०.४२ प्रतिशत समय घरेलु कामधन्दामा खर्च गर्दछन् भनिएको छ । त्यसैले हाल कुनै पनि विकासका योजना गर्दा होस् या विकासका प्रयासहरू गर्दा लैङ्गिक पक्षलाई वेवास्था नगरी विशेष प्राथमिकताका साथ विकासका प्रयासहरूमा समाहित गर्ने मान्यताको विकास हुँदै आएको भएता पनि अपेक्षित उपलब्धीबाट भने हरेक विकास प्रयासहरू टाढै रहने गरेका छन् । महिला सशक्तीकरणका लागि पनि विभिन्न सरकारी तथा गैर सरकारी क्षेत्रबाट पनि विभिन्न प्रयासहरू भएता पनि लैङ्गिक विभेदपूर्ण स्थितिमा भने सुधार आएको छैन । किनभने नीति निर्माण तहमै पुरुषको बाहुल्यता छ । यदि न्यून महिलाहरूको प्रतिनिधित्व भैहाले तापनि हुनेखाने वर्गका महिलाहरूको सहभागिता हुने भएकाले वास्तविक कठिन जीवन व्यतित महिलाहरू भने उक्त नीति तथा कार्यक्रमबाट बन्चित हुन बाध्य छन् । यसरी हेर्दा नेपाली महिलाहरूको स्तर माथी उठ्न नसक्नुमा समाजका रितिरिवाज, परम्परा, मूल्य, मान्यता, प्रथा आदि प्रमुख हुन् । महिलाहरूको समाजमा तिन किसीमको भूमिका उत्पादन, पुनरउत्पादन तथा समुदायको व्यवस्थापनमा आफ्नो समय खर्चेका छन् तर सबैकामको आर्थिक मूल्य नहँदा उनीहरूको परिवारमा न्यून स्थान छ । महिलाको आर्थिक सामाजिक अवस्था कमजोर हुँदा त्यसको प्रत्यक्ष असर महिलाले गर्ने घरायसी निर्णय अधिकारमा पर्दछ । पुनरउत्पादन भूमिकालाई कामको रूपमा तथा घरायसी क्रियाकलापलाई उत्पादक मूलक कामको रूपमा सरकारी प्रणालीले समेत लेखाजोखा गरेको पाईदैन । शिक्षा प्राप्त गर्ने मौका तथा व्यक्तिगत

गतिशिलतामा प्रायजसो महिलाहरू समाजमा प्रथाको नाममा गरिने विभेदकारी अभ्यासबाट दमित हुन पुगेका छन् (यु.एन.डि.पि, १९९५) ।

Lynn Bennett (1979) (को Tradition and change in the legal status of Nepalese women) नामक पुस्तकका अनुसार परम्परागत तथा परिवर्तीत कानुन सन्दर्भमा नेपाली महिलाहरूको हैसियत एवं स्थितिलाइ प्रष्ट्याएको छ । नेपालमा जे जस्तो कानून ऐन, नियम, संविधान बनेका छन् ती सबै हिन्दु धर्म प्रभावित पितृसतात्मक मुल्य मान्यता र नियम बाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित छन् परम्परागत कानूनमा महिलाको हैसियत न्यून भए पनि परिवर्तीत कानूनले महिला समानता सम्बन्धी विभिन्न नियम कानुनलाई व्यवहारिक रूपमा लागु हुन दिएका छैनन् भन्ने कुरालाई पुस्तकले प्रष्ट्याएको छ । महिलाले आफ्नो व्यक्तिगत सम्पत्तीलाई उपयोग गर्न सम्पत्ती प्रमाणीत गर्नु पर्दछ । पुर्ख्यौली सम्पत्ती, शेषपछिको दोलाजी सम्पत्तीमा पुरुषले समान महिलाले पाहिलो प्राथमिकता पाउँदिनन् । मुलुकी ऐन (हाल संशोधन भन्दा अघि) ले गर्भ पतन लाई कानुनी मान्यता नदिएको हुँदा कैयौ महिलाहरूको ज्यान जोखिम बनेको वा मुत्यु भएको पाईन्छ । यसले महिलाको जीवनलाई कष्टकर बनाएको देखिन्छ । समाजमा रहेको दाइजो, तिलक, अनमेल विवाह, वहु-विवाह, बाल विवाह, जस्ता प्रथाले नारीहरूको अस्तित्व लाई अरु जटिल बनाएको छ भन्ने कुरा उल्लेख गरिएको छ ।

National Living Standard survey, NLSS (१९९६) का अनुसार सन् १९९६ नेपालको आधाभन्दा बढी अथवा ११५८७५०२ (५०.०५ प्रतिशत) जनसंख्या रहेका महिलाहरू जीवनका हरेक पक्षमा कमजोर रूपमा रहेका छन् । आर्थिक रूपमा हेर्ने हो भने उनीहरूको आर्थिक अवस्था कमजोर मात्र रहेको छैन उनीहरूले प्राप्त गर्ने पारिश्रमिक समेतमा पनि अन्य कसैको नियन्त्रण रहेको छ । कृषिप्रधान देश नेपालमा सन् १९९६ को NLSS सर्वेक्षण अनुसार ९४ प्रतिशत महिलाहरू वन र कृषि क्षेत्रमा संलग्न छन् । त्यस्तै गरी नेपालमा पुरुषहरू सम्पूर्ण कामको ४४.८६ प्रतिशत र महिलाहरू ४९.५२ प्रतिशत काम गर्दछन् भने पुरुषबालकहरू केवल १.९९ प्रतिशत र महिला बालिकाहरू ३.६३ प्रतिशत काम गर्दछन् (के.त.वि.सन् २००१) । तर करिब २६.४ प्रतिशत मात्र आयश्रोतमा महिलाहरूको पहुच रहेको छ (यु.एन.डि.पि, १९९५) ।

नेपालको राष्ट्रिय जनगणना सन् २०११ अनुसार कूल जनसंख्या २,६६,२०,८०९ रहेको छ भने आधाभन्दा बढी अर्थात १,३६,९३,३७८ जनसंख्या महिलाहरूको रहेको छ (के.त.वि., २०११) । महिलाहरू जीवनका हरेक पक्षमा कमजोर रूपमा रहेका छन् । जस्तै आर्थिक रूपमा हेर्ने हो भने नेपाल कृषि पेशामा संलग्न छ । तर कृषि पेशामा संलग्न महिला तथा पुरुषहरू मध्ये एउटै कार्य गर्दा पनि पुरुषलाई बढी पारिश्रमिक दिने महिलाहरूलाई कम पारीश्रमिक दिइने गरिन्छ । त्यस्तै गरी नेपाली महिलाहरूको स्वास्थ्य स्थिति पनि अत्यन्तै कमजोर रहेको छ । उचित हेरचाह र स्वास्थ्य उपचारको अभावमा महिलाहरू रोगग्रस्त र कमजोरीपूर्ण जीवन विताउन बाध्य छन् । त्यस्तै गरी राजनीतिक क्षेत्रमा महिलाहरूको पहुँच पहिलेको तुलनामा केहि बढेता पनि खासै पहुँच छैन् । त्यस्तै गरी शैक्षिक अवस्था तर्फ हेर्ने हो भने ६५.८ प्रतिशत पुरुष र ४२.४९ प्रतिशत महिला साक्षरता रहेको छ (के.त.वि., २०५८) । त्यस्तै गरी अर्कोतर्फ अध्ययनको स्तर बढ्दै गएको पाइन्छ । यस तर्फ आफैबाट ध्यान पुऱ्याउन जरुरी छ । र सोही अनुरूप महिलाको शैक्षिक स्तरमा वृद्धि गर्नका लागि प्रभावकारी कदम चाल्नुपर्ने देखिन्छ ।

विकास प्रकृयामा महिलालाई संलग्न गराएमा आर्थिक क्षेत्रमा योगदान हुन्छ भन्ने कुरामा पञ्चायत काल देखिनै जोड दिन शुर गरियो र अहिले सम्म यो जोड निरन्तर भई आएकोमा आश्चर्य मान्नु पर्दैन । उदाहरणका लागि सन् १९७९ मा नेपालका लागि महिलाहरूको योगदान वृद्धि गर्न प्रयासरत थियो (अर्याल, १९६५) । यसै गरी नेपालको जनसंख्याको ४८.८ प्रतिशत भाग महिलाले ओगटेको छन् । तथा उनीहरू देशका सम्भावित श्रम शक्ति पनि हुन् । त्यसैले यो उत्पादनशील श्रमशत्तिलाई परिचालित गरियो भने उत्पादनको निरन्तर वृद्धिसँगै विकासको दर पनि बढाउन सकिन्छ । सातौ योजनामा यो तर्क सहित महिलाका लागि राष्ट्रिय नीति तयार गरियो । साथै हालसालै गरिएका धेरै स्वतन्त्र अनुसन्धानहरूले पनि मानव संसाधनको उच्चतम उपयोगका लागि स्रोत तथा अवसरहरूको समतामुलक वितरण हुनु पर्दछ भन्ने कुरा औल्याएका छन् (आचार्य, १९९५) ।

वास्तवमा नेपाली महिलाहरू स्वतन्त्रता पूर्वक वाच्न पाउनु पर्ने आधारभूत मानव अधिकारबाट समेत बञ्चित स्थितिमा छन् । अर्थात् सामाजिक-सांस्कृतिक रूपमा नै परिवारको एउटा दासको रूपमा बाँच्न बाध्य छन् । दिनानुदिन महिलाहरू माथि हुने दमन, शोषण, हिंशा, आदिका घटनाहरू बढिराखेका छन् । यस्तो स्थितिबाट छुटकारा पाउन

नसकेसम्म महिलाहरूको कुनै पनि विकास सम्भव पनि हुँदैन । तसर्थ महिलाहरूलाई सशक्त बनाई अनीहरूको चेतनामा वृद्धि गराउन सहयोग गर्ने प्रमुख साधन शिक्षा नै हो । त्यसैले महिलाहरूलाई शिक्षित बनाउनु आजको माग हो ।

नेपालको कुल जनसंख्याको आधा धर्ती महिलाले ओगटेता पनि राज्य संरचनाले सबै क्षेत्र तथा तहहरूमा महिलाको प्रतिनिधित्व अत्यन्तै न्यून रहेको छ । पितृसतात्मक सामाजिक संरचनाले गर्दा देशको सामाजिक, आर्थिक क्षेत्रमा उल्लेखनिय योगदानकर्ताको रूपमा रहेका अधिकांश महिलाहरूले विभिन्न सामाजिक सांस्कृतिक एंव राजनैतिक क्षेत्रमा असमानता तथा भेदभावको शिकार बन्नु परेको कुरा नेपाली समाजको तितो यथार्थ हो । नेपालको अन्तरिम संविधान २०६३ को धारा २० मा महिला अधिकारका विषयहरूलाई मौलिक हकको रूपमा मान्यता दिएता पनि ती व्यवस्थाहरूको उचित कार्यान्ववयनको अभावमा महिला र पुरुष बीच समता र समानताको व्यवस्था कायम हुन नसकि समस्या यथावतै रहेको यस क्षेत्रमा गरिएका धेरै अनुसन्धानहरूले के देखाउँछ भने महिला बालिकामा गरिने लगानीले गरिबी निवारण र राष्ट्रको समग्र समृद्धिमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पार्दछ । वर्ल्ड इकोनोमीक फोरमले आफनो लैङ्गीक विभिन्नता सम्बन्धी Gender Gap प्रतिवेदनमा विभिन्न देशमा आर्थिक एवं राजनीतिक सहभागिता र शिक्षा तथा स्वास्थ्यमा पहुँचको सन्दर्भमा महिला र पुरुष बीचको विभेद झण्डै समाप्त भैसकेको देशहरू आर्थिक रूपमा अरुभन्दा समृद्ध छन् भन्ने यथार्थलाई उजागर गरिसकेको छ (नेपाल महिला आयोग, २०६८) ।

## १.२ समस्याको कथन

हरेक व्यक्तिले शिक्षा प्राप्त गर्न पाउनु पर्दछ । यो उसको नैसर्गिक अधिकार पनि हो । किनकी शिक्षा एउटा यस्तो सशक्त माध्यम हो जसले व्यक्तिमा ज्ञानको ज्योति छर्दछ । जसले गर्दा सभ्य समाजप्रति उत्तरददायी व्यक्तिहरू तयार भई समाज विकास तथा सुधारमा टेवा पुग्दछ (अधिकारी, २०६७) ।

पुरुषको तुलनामा महिलाको शैक्षिक अवस्था संसारकै अधिकांश ठाउँहरूमा कमजोर देख्न सकिन्छ  भने स्वभाविक रूपमा नेपाल पनि यसबाट अछुतो छैन । यद्यपी नेपालका हरेक समाजमा महिलाको अवस्था एकैनासको नभए तापनि पुरुषको तुलनामा न्यून भने अवश्य छ । मुलुकको शैक्षिक क्षेत्रमा थुप्रै सरकारी तथा गैर सरकारी क्षेत्रले विविध

कार्यक्रमहरू संचालन गरिनै रहेका छन् । तैपनि तुलनात्मक रूपमा महिलाको शैक्षिक अवस्था कमजोर नै रहनुको पछाडिका कारणहरू बुझ्नुपर्ने अपरिहार्यतातर्फ इङ्गित रहेको छ । हरेक किसिमका कार्यक्रमहरूको सफलता वा असफलतामा उक्त कार्यक्रम लागू गरिएका समाजको सामाजिक सांस्कृतिक वातावरणले अहम् भूमिका निर्वाह गर्दछ । त्यसैले सामाजिक वातावरण, मूल्य मान्यतालाई पहिचान गरी गलत मान्यताहरूलाई सम्मान र संरक्षण गरी स्थानीय जनताको आवश्यकता र चाहना बमोजिमको शैक्षिक कार्यक्रमहरू लागु गरिएमा असफल हुने प्रश्न नै उठ्दैन । जसको निम्ति शैक्षिक पाठ्यक्रम स्वयं पनि सामाजिक रुढिवादी विरुद्ध चेतना प्रवाह गर्न सक्ने खालको हुनु आवश्यक छ (सेरिड, १९९४) ।

महिलाका अवस्थाका सम्बन्धमा विगतमा विभिन्न अध्ययनहरू भए पनि शैक्षिक अवस्थालाई मात्रै लिएर विश्लेषण भएको पाइदैन साथै गरिएका अध्ययनहरूका तथ्याङ्कहरूमा पनि एकरूपता पाइदैन । जसले गर्दा वास्तविक अवस्था पहिल्याउन नै जटिल भएको छ । फेरी महिलाको शैक्षिक अवस्था कमजोर हुनुका कारण तर्फ केन्द्रित भएर त्यति अनुसन्धान भएको पाइदैन गरिएकोमा पनि आर्थिक पक्षसँग बढी सम्बन्धित भई गरिएका हुनाले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आर्थिक तत्वलाई नै कारक ठानेका छन् तर आर्थिक तत्वको मात्र महिला शिक्षामा निर्णायक प्रभाव नभएर त्यसको पछाडी अन्य कारणहरू पनि छन् । त्यस्तै गरी यस बरहथवा गा.वि.स.का महिलाहरूको शैक्षिक अवस्थाका बारेमा अहिले सम्म कुनै अध्ययन भएको छैन । त्यसैले महिलाको शैक्षिक अवस्थामा प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरूको पहिचान गर्नु त प्रमुख आवश्यकता नै हो । तिनै विविध कारणहरू खोज्ने प्रयासका साथ सर्लाही जिल्ला वरहथवा गा.वि.स. वडा. नं. ८ का महिलाहरूको शैक्षिक अवस्थाको अध्ययन गरी एउटा लिखित दस्तावेज तयार गर्ने जमर्को गरीएको छ । जसमा निम्न प्रश्नको उत्तर खोज्ने प्रयास यस शोध अध्ययनमा गरिएको छ :

१. अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्था कस्तो छ ?

२. प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरूले पुरुष समान शिक्षा पाएका छन् कि छैनन् ?

३. प्रस्तुत अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक अवस्थालाई प्रभाव पार्ने तत्वहरू के के हुन् ?

४. छोरा र छोरी अनि छोरी र बुहारीले समान अवसर र सुविधा पाएका छन् कि छैनन् ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धानको मूलभूत उद्देश्य महिला शिक्षासँग सम्बन्धित विविध पक्षहरूको अध्ययन गर्नु रहेको छ । यसै उद्देश्यको परिपूर्ति र पूर्णताको निमित्त निम्न लिखित विशिष्ट उद्देश्यहरू तय गरिएको छ :

१. अध्ययन क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक एवम् शैक्षिक अवस्थाबारे जानकारी लिनु ।

२. समाजमा विद्यमान महिला शिक्षालाई प्रभावित गर्ने जिम्मेवार तत्वहरूको पहिचान गर्नु ।

३. अध्ययन क्षेत्रका महिलाहरुको शैक्षिक पक्ष प्रतिको धारणा पत्ता लगाउने ।

## १.४ अध्ययनको महत्व

समाज विकासको आधार स्तम्भ नै शिक्षा हो । त्यसैले समाजमा यसको समानुपातिक विकास हुन सकेमा मात्र समाजको समग्र विकास सम्भव छ । तर यसको समान वितरण हुन सकेको छैन । यसको कारण खोज्नु आजको आवश्यकता हो । विगतमा भएका कतिपय अध्ययनहरू केवल शैक्षिक गतिमा नियन्त्रण गर्ने कारक तत्व आर्थिक नै प्रमुख भएको निष्कर्षमा पुगेका छन् । अध्ययनका उद्देश्य अनुरूप यस्ता निष्कर्षमा पुग्ने अस्वभाविक पनि होइन । वास्तवमा यस विषयको अध्ययन समाजशास्त्रीय दृष्टिकोणबाट हुनुपर्ने थियो तर खासै हुन सकेको छैन । किनकि कुनै शैक्षिक अवस्था माथिको समाजशास्त्रीय अध्ययन कुनै शैक्षिक तथ्यांक मात्र पेश गर्नु नभएर उक्त तथ्यांकहरू प्राप्त हुनुका पछाडि के कस्ता जिम्मेवार सामाजिक सांस्कृतिक तत्वहरूले निर्णायक भूमिका खेलिरहेको हुन्छन् वा उक्त तथ्याङ्क कसरी समाजको सामाजिक सांस्कृतिक, आर्थिक आदि परिवेशसँग सम्बन्धित छ भनेर विश्लेषण गर्नुसँग केन्द्रित रहन्छ र रहनुपर्दछ । त्यसैले यस अध्ययनलले समाजशास्त्रीय ज्ञानको उक्त अन्तराललाई परिपूर्ति गर्ने आशा लिइएको छ ।

हुन त यस प्रकृतिका अध्ययन अन्यत्र पनि भएका हुनसक्छन् । तर समान उद्देश्यको लागि भने अवश्य भएका छैनन् । फेरि विविधतायुक्त नेपाली समाजमा अन्यत्र गरिएको अध्ययनले सम्पूर्ण समाजको प्रतिनिधित्व पनि गर्न सक्दैन । त्यसैले यस अध्ययनबाट प्राप्त

निष्कर्ष अन्य अनुसन्धानकर्ता विद्यार्थी, सरकारी योजनाकार, नीतिनिर्माता, राजनितिज्ञ, सामाजिक कार्यकर्ता, लैङ्गिक विषयमा चासो राख्ने जो कोहिलाई पनि उपयोगी हुनसक्छ ।

# अध्याय दुई

## पूर्व अध्ययनको पुनरावलोकन

नेपालका महिला तथा बालिकाहरूको शिक्षामा के कस्तो सहभागिता, पहुँच छ भनि हालसम्म गरिएका विभिन्न अध्ययन अनुसन्धानबाट पत्ता लागेका तथ्याङ्कहरूले प्रस्तुत अध्ययनलाई सहयोग गर्ने आशयका साथ यहाँ उल्लेख गरिएको छ ।

### २.१ सैद्धान्तिक अवधारणा

**महिलावाद**

महिलाहरूको विभिन्न पक्षहरूमा कुरा गर्न धेरै सिद्धान्त र वादहरूको जन्म भयो । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाले पनि पुरुष सरह अवसर उपभोग गर्न पाउनु पर्छ भनी देखा परेको आन्दोलन वा दर्शन नै महिलावाद हो (रिटजर, २०००) ।

लैङ्गिक दृष्टिकोण समाजशास्त्र तथा मानवशास्त्रको एउटा वैकल्पीक दृष्टिकोण हो, जसले महिला र पुरुषबीचको सम्बन्धलाई व्याख्या विश्लेषण र अध्ययन गर्दछ । जेन्डरले न त महिलालाई बुझाउँदछ न पुरुषलाई नै । बरु महिला र पुरुषको सामाजिक, सांस्कृतिक, मनोवैज्ञानिक कामहरूको सम्बन्धलाई जोड दिन्छ । हाम्रो दृष्टिकोणमा यो अध्ययन बढि महिला केन्द्रीत रहेको भान हुन्छ । तर यो दृष्टिकोणले महिला र पुरुष दुवैलाई जोड दिन्छ । विश्व लगायत नेपालको सन्दर्भमा पुरुषको तुलनामा महिला पछि परेकोले पुरुषको स्थति सरह पुऱ्याई समान गतिमा महिला र पुरुषको यात्रा अगाडी बढाउनु पर्दछ भन्ने ध्येय यस दृष्टिकोणले बोकेको हुँदा बढि महिला केन्द्रीत देखिन्छ । समाजशास्त्र तथा मानवशास्त्रमा जेन्डर दृष्टिकोण आउनु अघि जति दृष्टिकोण आएका थिए ती सबैले पुरुषलाई आफनो अध्ययनको कन्द्रविन्दु बनाएका थिए । महिलालाई केवल पुरुषका सहयोगीका रूपमा व्याख्या विश्लेषण गरेका थिए । वास्तवमा महिलाहरू किन पुरुष भन्दा कमजोर देखिए त ? के महिलाहरू जैविक संरचनाका दृष्टिले गर्दा पछाडि रेका हुन् ? आदि विभिन्न प्रश्नहरूलाई यस दृष्टिकोणले खोतल्ने प्रयास गरेको पाइन्छ । घरपरिवार तथा आर्थिक क्रियाकलापमा महिलाहरूलाई निर्णय गर्ने अधिकार दिइएन् बरु महिलाहरूलाई सामाजिक रूपमा निम्न रूपमा हेरिदै जाँदा महिलाहरूको अवस्था दयनिय र कमजोर बन्न पुगेको देखिन्छ । यसै सन्दर्भमा प्रख्यात समाजशास्त्री भासिन (१९९३) भन्छिन : जन्ममा हरेक महिलामा पुरुषत्व र हरेक पुरुषमा नारित्व पनि हुन्छ । जब बालबालिकाहरू सामाजिकीकरण हुँदै जान्छन तब

महिला र पुरुषलाई असमान व्यवहार गरिन्छ । महिला र पुरुषको शरिर प्राकृतिक न्यायिक दृष्टिले समान हुन्छ । तर यहि शरिरलाई आधार मानेर फरक फरक लैङ्गीक भूमिका निर्धारण गरिएकोले होइन । सामाजिक संरचनाले गर्दा हो । त्यसैले समाजलाई परिवर्तन गर्दै महिलाहरूको स्थानलाई माथि उठाउन पुरुष, महिला दुवैको योगदान हुन्छ भन्ने कुरामा यस दृष्टिकोणले जोड दिन्छ (अर्याल, २०६५) ।

शिक्षा र समाजबीच अन्योन्याश्रित सम्बन्ध रहेको हुँदा समाजशास्त्रमा यसको अहम महत्व रहन्छ । शैक्षिक समाजशास्त्रको पिताको रूपमा ई.जर्ज प्याने लाई लिइन्छ । उनले सम्पूर्ण शैक्षिक प्रक्रियालाई समाजशास्त्रका तथ्यांक र सिद्धान्तका आधारमा पुनर मूल्यांकन गरिनुपर्दछ भन्ने मान्यता राखेका छन् । समाजशास्त्रको अध्यनबाट मात्र शिक्षाले मानव व्यक्तित्व र व्यवहारको विकास गर्ने जुन लक्ष्य लिएको हुन्छ त्यो प्राप्त गर्न सक्दछ भन्ने धारणा व्यक्त गर्दै उनी व्यक्तित्व विकास व्यक्ति र सामाजिक वातावरणको अन्तरक्रियाको उपज हो भन्ने ठान्दछन् । उनले शिक्षा प्रणालीको स्थापनामा सामाजिक सम्बन्धलाई स्थान दिनु जरुरी रहेको तथ्य पनि व्यक्त गरेका छन (विष्ट, २०४९) ।

शिक्षामा लैङ्गिक समानता आजको आवश्यकता हो, जसको परिपूर्ति महिलालाई शैक्षिक क्षेत्रमा आवद्ध गराउन सके मात्र हुन सकछ । वास्तवमा सामाजिक र सांस्कृतिक विसंगतिका प्रशस्त अवयवले चेतनाको प्रभावलाई थुन्ने प्रयास गरिरहेकै छन्  महिलाप्रतिको भेदभावजन्य व्यवहारले शिक्षाको माध्यमबाट महिला चेतनाको अभिवृद्धिको विषय उपेक्षित बनेको छ । शिक्षामा सबैको पहुँच र सहभागिता नहुँदा सामाजिक विभेद जस्ता विसंगतिहरूको जन्म हुनुको साथै अवसरहरूमा पहुँच नहुने अवस्थाको सृजना हुने गर्दछ । विकासको मूल प्रवाहको निर्णय तहामा सहभागी नगराउन्जेल लैङ्गिक समानताले कदापी पूर्णता प्राप्त गर्न सक्दैन (बराल, २०६०) ।

महिलावाद भन्ने अवधारणाको सुरुवात अठारौ शताब्दीदेखि नारीवादका पहिलो, दोस्रो र तेस्रो धार हुँदै अगाडि बढिरहेको पाउँछौ भने सन् १९८० देखिको नारीवादलाई आधुनिकवादी अवधारणाका रूपमा हेरीएको  पाइन्छ । यद्यपी महिलाहरू शोषित पिडित तथा दमीत छन् भन्ने कुरा सन् १८४८ मा पहिलो पटक न्यूयोर्कमा महिला अधिकार सम्मेलन भएको थियो । तयसबेला नै महिला र पुरुष समान रूपले यस धर्तीमा सिर्जिएका हुन् तर महिलाहरू माथि भेदभाव कायम नै छ भन्ने आधीकारिक घोषणा गरिएको थियो ।

जसमा महिलाहरूले समानताका लागि घोषणा पत्र समेत प्रकाशनमा ल्याएका थिए (तामाङ्ग, २००७) ।

लैङ्गिक असमानताका तत्वहरू लैङ्गिकको सामाजिक रचना, लैङ्गिक श्रम विभाजन, सार्वजनिक र निजि क्षेत्रका मुल्य र व्यवहार र पितृसत्तात्मक विचारधारा रहेका छन् । महिलाहरूलाई निजि क्षेत्रको उत्तरदायित्व वहन गर्ने जिम्मेवारी प्रदान गरिन्छ भने पुरुषहरूलाई सार्वजनिक क्षेत्रको कामको पहुँचमा महत्व दिइन्छ । उदार महिलावादीहरू सार्वजनिक क्षेत्रको काममा वास्तविक सम्मान हुने र पैसा, शक्ति, स्तर, प्रगतिका अवसरहरू र आत्मसन्तुष्टि पनि हुने उल्लेख गर्दछन् । यसरी सम्मानपूर्ण सार्वजनिक पेशाहरूबाट महिलाहरूलाई अलग गरिएको लैङ्गिक असमानताको स्थिति सृजना भएको उदार नारीवादको तर्क छ । उदार नारीवादले महिला र पुरुष दुवैलाई आफ्नो जीवनशैली छनोट गर्ने अवसर हुनुपर्ने र यसलाई दुवैले स्विकार र सम्मान गर्नुपर्ने धारणा राखेको छ । व्यक्तिवाद, छनोट स्वतन्त्रता अवसरको स्वतन्त्रता आदि मुद्धाहरू उदार नारीवादीहरूले उठाएका छन् (ओझा, २०६३) ।

यिनै धेरै महिलावाद अथवा नारीवादहरू मध्ये सन् १९६० को दशैकमा देखापरेको महिला आन्दोलनलाई अडाडि बढाउन सहयोग गर्ने उदारवादि नारिवाद हो । लैङ्गिक असमानता सिद्धान्तको मुख्य उदाहरण उदार नारिवाद हो । यसको मुख्य जोड युक्ति सँगत नैतिक संस्थाका लागि महिलाहरूले मानवीय क्षमतामा आधारित भएर पुरुषसँग समानताको दावी गर्नुपर्दछ भन्ने रहेको छ । यसका अनुसार लैङ्गिक विभेद पितृसत्ता र श्रम विभाजनको लिङ्गीय ढाँचाको परिणाम हो र लैङ्गिक समानताको लागि श्रमविभाजनलाई हस्तान्तरण गर्दै कानून, काम, परिवार, शिक्षा र संञ्चार जस्ता मुख्य संस्थाहरूलाई पुर्नसंरचना गर्नुपर्दछ । उदार नारीवादका अनुसार - ‘सवै महिला र पुरुषहरू समान तरिकाले सृष्टि भएका हुन् र तिनीहरूलाई खास खालका अविभाज्य अधिकारहरू तिनिहरूका सृष्टिकर्ताले प्रदान गरेको छ । तिनीहरू केहि मध्ये स्वतन्त्रता, जीवन र समृद्धि हुन् (रिटजर, २०००) ।

उदारवादी महिलावादका अनुसार हरेक मानवीय प्राणी बराबरी रूपमा बुद्धिमान हुन्छन् । यिनीहरूलाई समान अवसर दिएको खण्डमा महिलाले पनि पुरुष समान उपलब्धी हासिल गर्दछन् । असमानता मुलक र समाज कसैलाई पनि लाभदायी नहुने भएकाले सामाजिक संरचना, आर्थिक र राजनैतिक संरचना क्रमिक रूपमा परिवर्तन हुनुपर्छ । महिला र पुरुष बीचको असमानता मुलक श्रमविभाजन महिलाहरू पीडित छन् । धेरै जसो महिला

असमानता र विभेदको प्रभख कारण नै लैङ्गक विभेद हो जसले सामाजिक संरचना र सामाजिक संस्थामा संकट ल्याएको छ । महिला पुरुष दुवैलाई समान अवसर दिएमा दुवै बराबर हुन्छन् भन्ने मान्यता राख्ने नारीवादीले सामाजिक समानताका लागि क्रान्तिको आवश्यकता भन्दापनि वर्तमान समाजलाई प्रजातान्त्रीक तरिकाबाट सुधार गर्नुपर्दछ भन्ने धारणा राख्छन् । वर्तमान समयमा देखिएको लैङ्गक असमानताले महिलाका लागि प्रत्यक्ष प्रभाव पारेको छ । जसमा महिलाले कुनै हिचकिचाहटका साथ पुरुष सरह सबै ठाउँमा समान रूपमा सहभागि हुनुपर्छ । यसरी महिला उदारवादको प्रमुख उद्देश्य लैङ्गिक विभेदको अन्त्य गरी लैङ्गिक समानता ल्याउनु हो (लुँइटेल , २००८) ।

## नेपाली महिलाको स्थिति

नेपालमा महिलाको स्थितिको कुरा गर्दा नेपाल अधिराज्यको संविधान २०४७ ले नेपाललाई हिन्दु अधिराज्यको रूपमा रहदै आएको कुरालाई स्वीकारेको छ । हिन्दु धर्म दर्शन अनुसार समाज पुरुष प्रधान रहन्छ र पितृसतात्मक समाज हुन्छ । अवश्य पनि यस्तो समाजमा महिलाको स्थिति पुरुषको अपेक्षामा तल्लो र कमजोर हुन्छ र नेपालमा गैर हिन्दुहरू पनि बस्दछन् र सबैको अवस्था एकैनासको छ भन्न मिल्दैन् । यद्यपि नेपाली सामाजिक र सांस्कृतिक संरचनामा महिलाहरूको स्थितिलाई दोस्रो दर्जामा राखिएको छ । तर विकास निर्माणको लागि महिला र पुरुष दुवै समान हुन अति आवश्यक छ । नेपाली महिलाहरूको स्थितिको बारेमा चर्चा गर्दा यसलाई विभिन्न पक्षहरू जस्तो राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, धार्मिक, सांस्कृतिक कानुनी आदि दृष्टिकोणबाट बुझ्न आवश्यक हुन्छन् ।

नेपालका आधाभन्दा बढी स्थान ओगटेको महिलाहरू समग्रमा भन्दा दबिएको अवस्थामा छन् वा बस्न बाध्य तुल्याएको छ । त्यस्तैगरी आर्थिक स्थिति हेर्दा कृषि प्रधान देश नेपालमा महिलाहरू कृषि क्षेत्रमा ९० प्रतिशत महिलाहरू सहभागी छन् ( के.त.वि.२०५८) । घरेलु कृषि उत्पादनमा महिलाहरू ५४ प्रतिसत संलग्न छन ( के.त.वि.२०५८ । जबकी पुरुषहरू ४० प्रतिशत मात्र सहभागी देखिन्छन् (के.त.वि.२०५८) । त्यसैगरी राजनीतिक स्थिति हेर्दा प्रजातन्त्रको पुर्नस्थापना पछि पनि महिला मन्त्रीहरू खासै देखिएको छैन भने जनआन्दोलन पछि भने राजनितिक तर्फ महिलाहरू सहभागी देखिएता पनि उल्लेख्य भनि भन्न मिल्दैन । त्यसैगरी सामाजिक सांस्कृति स्तरमा हेर्दा नेपाली समाजमा हिन्दू धर्म र संस्कृति पितृसत्तात्मक दमन दर्शनको रूपमा रहेको छ र सयौ

वर्षदेखि यहाँ चल्दै आएको हिन्दु धर्म र यसै सँग सम्बन्धित संस्कृति, मूल्य, मान्यताले समाजमा जरा गाडेका छन् । "छोराको जन्मले स्वर्गकोद्वार खुल्छ" "छोरीको जन्मदै विनासकारी भाग्य लिएर आएका हुन्छन्" । यस्ता प्रकारका गलत सोचाइहरू हिन्दु समाजमा प्रसस्त पाइन्छन् । त्यस्तैगरी शैक्षिक स्तर हेर्दा सन् २०५८ सालको जनगणना अनुसार ६५.१ प्रतिशत पुरुष र ४२.५ प्रतिशत महिला साक्षर देखिन्छ । जसमा महिला र पुरुष मध्ये केवल पढ्न मात्र सक्ने साक्षरताको स्थितिलाई हेर्दा ५.९ प्रतिशत छ जसमध्ये पुरुष ६.० प्रतिशत र महिला ५.८ प्रतिशत रहेको छ । यसबाट के बुझिन्छ भने पुरुषको तुलनामा महिलाहरूको शैक्षिक स्थिति कम देखिन्छ (श्रेष्ठ र अन्य, २०६६) ।

**महिला सशक्तिकरण**

महिला सशक्तिकरण भन्नाले महिलाहरूमा अन्तर्निहित सामर्थ्यको बोध हुन गई उनीहरू भित्र लुकेको ज्ञान, सीप र क्षमतालाई जनसमक्ष ल्याई विकास प्रक्रियामा पुरुष सरह समान रूपमा सहयोगी भई आफ्नो हक, हित र अधिकारका लागि समाजमा विद्यमान कुरीति र भेदभाव विरुद्ध लड्न सक्ने क्षमताको विकास हुनु नै महिला सशक्तिकरण हो । यो आफैमा स्वसिर्जित पनि हुन सक्छ अथवा संगठनात्मक कार्यशैलीको उपज पनि हुन सक्छ । महिला सशक्तिकरणको जन्म वास्तवमा महिलाहरूलाई विकास कार्यक्रममा सहभागी गराई पुरुषको वरावरीमा पुऱ्याउने उद्देश्य Women in Development Approach को असफलता पछि भएको हो । सशक्तिकरणलाई प्रत्यक्ष रूपमा यति भयो वा भएन भनेर परिमाणात्मक रूपमा देखाउन अत्यन्त कठिन छ । तापनि सशक्तिकरणसँग सम्बन्धित मापदण्डहरू निम्न लिखित हुन सक्दछन् जसका आधारमा सशक्तिकरण लेखाजोखा गर्न सकिने विश्वास रहदै आएको छ । क) शैक्षिक ख) सामाजिक ग) आीर्थक घ) राजनीतिक, मनोवैज्ञानिक आदि रूपमा लैंगिक भेदभाव हटाउन सकिएमा मात्र सशक्तिकरणको असमानतालाई हटाउन सकिन्छ (श्रेष्ठ र अन्य, २०६६) ।

## २.२ महिला शिक्षासाग सम्बन्धित नीति तथा रणनीतिहरू साथै पूर्व अध्ययनको पुनरावलोकन

नेपालको सन्दर्भमा हेर्दा वि.स. २००७ साल पछिका दिनहरू देखि मात्र महिलाको शैक्षिक गतिविधि प्रगतितर्फ प्रयासरत रहेको पाइन्छ । सन् १९५० मा राष्ट्रिय साक्षरता दर दुइ प्रतिशत भन्दा कम थियो । मुलुकमा सामन्त परिवारका छोराछोरीका लागि खोलिदिएका

थोरै स्कुलहरू मात्र अस्तित्वमा थिए । त्यसबेला साक्षरताको दर शुन्य थियो भने पनि हुन्छ । विगत ५० वर्षमा नेपालको शिक्षा पद्धतीमा उल्लेखनीय प्रगति गरेको छ । नेपालमा सन् १९९५ मा बेइजिङ कार्यमञ्चको हस्ताक्षरकर्ता राष्ट्र बनेपछि शिक्षामा लैङ्गक विभेद कम गर्न मुलुकले कैयौ कदमहरू चालेको छ जसमध्ये महिला तथा समाज कल्याण मन्त्रालयको स्थापना गरी जाहेर गरेको प्रतिबद्धता कार्यान्वयन, महिलाको लागि शिक्षा सम्बन्धी राष्ट्रिय कार्य योजनाको तर्जुमा गरेको छ (पौडेल , २०५८) ।

वि.स. २०२७ मा महिला शिक्षा परियोजना युनिसेफको आर्थिक सहयोगमा 'महिलाहरूका लागि शिक्षामा समान अवसर' कार्यक्रम शिक्षा मन्त्रालयले सञ्चालन गरेको पाइन्छ । मूलतः शिक्षक प्रशिक्षण, शैक्षिकस्तर वृद्धि, स्थानीय विद्यालय छात्रवृत्ति, विद्यालय नजाने छात्राहरूका लागि आंशिक प्राथमिक तहको शिक्षा र प्राथमिक तहमा छात्राहरूका लागि आंशिक प्राथमिक तहको शिक्षा र प्राथमिक तहमा छात्राहरूले पढाई नछाड्न भन्ने अभिप्रायले आर्थिक सहुलियत प्रदान गर्ने जस्ता कार्यक्रम सञ्चालन गरेको थियो । यसै परियोजना अनुरूप महिलालाई तालिम दिइ शिक्षक बनाउने कार्यक्रम वि.सं. २०२८ सालमा शुरु भयो । त्यस्तै गरी वि.स. २०३७ सालमा पुग्दा यस परियोजनाको नाम भ्मगअबतष्यल या न्च्चकि बलम ध्कभलत या ल्भउर्बा रहन गयो । भने वि.सं २०४० देखि परियोजनाको सम्पूर्ण खर्च युनिसेफ र नेपाल सरकारबाट व्यहोरियो । २०४८ सालसम्ममा यस परियोजनाले ५७ जिल्लामा यो कार्यक्रम सञ्चालन गरेको पाइन्छ । जस्तैः नियमित छात्रवृत्ति कार्यक्रम, प्रा.वि. छात्रवृत्ति आदि । यो कार्यक्रमहरू वि.स. २०५८ सालसम्म नियमित छात्रवृत्ति कार्यक्रमका रूपमा संचालित थियो भने वि.स. २०५९ देखि सरकारको राष्ट्रिय छात्रवृत्तिको नामले सञ्चालन भएको थियो । त्यस्तै गरी विभिन्न मितिमा राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा सम्मेलनहरूबाट पारित प्रस्तावहरूलाई पूरा गर्ने र देशको शैक्षिक अवस्था गुणात्मक सुधार गर्दै लैजाने उद्देश्यले राष्ट्रिय शिक्षा योजना २०११, सर्वाङ्गिण राष्ट्रिय शिक्षा पद्धती योजना २०२८, आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम २०४५, राष्ट्रिय शिक्षा आयोग २०४९, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ जस्ता कदमहरू शिक्षा क्षेत्रमा चालिएको छन् । त्यस्तैगरी राष्ट्रिय शिक्षा अभियान, २०६५ ले विपन्नता र अल्पविकासको प्रमुख कारण निरक्षरतालाई लिदै दुई वर्ष भित्रमा निरक्षरता उन्मूलन गर्ने अठोटका साथ"अक्षर चिनौ सक्षम बनौ" भन्ने नारा लिएर विशेषगरी १५-६० वर्ष समूहका युवा, प्रौढ महिला तथा पुरुषहरूलाई साक्षर बनाउने उद्देश्यले शिक्षा मन्त्रालयले राष्ट्रिय साक्षरत्व

अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका २०६५ जाहेर गरियो । तर उल्लेखिय रूपमा महिला शिक्षामा सुधार हुनुपर्ने हो । त्यो हुन सकेको छैन् (अधिकारी, २०६७) ।

शिक्षा क्षेत्रमा देखिएको असमान महिला सहभागितालाई वृद्धि गर्न र विकासका क्षेत्रमा सक्षम महिला पहुँचका लागि महिलाहरूको शैक्षिक अवस्थामा सुधार गर्न विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय नीति तथा रणनीतिहरू बनाइएका छन् । जसमा डकार कार्ययोजना सबैका लागि शिक्षा २००० मा सन् २०१५ सम्ममा सबैका लागि गुणस्तरीय शिक्षा प्राप्तिका लागि १२ वटा प्रमुख रणनीतिहरू प्रस्ताव गरेको छ र ६ वटा प्रमुख लक्ष्यहरू तोकेको छ, जसमा लैङ्गक विशेष लक्ष्यहरू निम्नानुसार छन् :

१. सन् २०१५ सम्ममा सबै बालबालिकाहरू विशेष गरी बालिकाहरू कठिन परिस्थितिमा परेका बालबालिकाहरूको एवं अल्पसंख्यक बालबालिकाहरूको लागि स्तरीय एवं विश्वव्यापी प्राथमिक शिक्षामा पहुँच बढाउने र सो पुरा गर्ने

२. सन् २०१५ सममममा प्रौढ साक्षरता तहमा ५० प्रतिशतले सुधार गर्ने खासगरी महिलाका निम्ति र सबै प्रौढहरूका लागि आधारभूत र निरन्तर शिक्षामा समता मुलक पहुँच पुऱ्याउने

३. सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाई सन् २०१५ सममममा स्तरीय आधारभूत शिक्षाको उपलब्धीमा छात्रको पूर्णे र समान पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक असमानता प्राप्त गर्नेतथ्यहरू राखेको छ ( युनेस्को , २००९) ।

नेपालको अन्तरिम संविधान २०६३ मा शिक्षा सम्बन्धी धारा ८ मा महिलावर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्थागरी राष्ट्रिय विकासमा अधिकारीक सहभागी बनाउने नीति राज्यले अवलम्वन गर्नेछ भनि उल्लेख गरिएको छ । त्यस्तै गरी लैङ्गिक तथा सामाजिक भेदभाव हटाउनते कुरामा प्राथमिक विद्यालयमा महिला शिक्षकको संख्या वृद्धि गर्ने, बालिका, दलित तथा सुविधा विमुख बालबालिकाहरूको शिक्षाको प्रत्यक्ष खर्चका लागि शिक्षा समिति तथा जिल्ला शिक्षा समितिमा महिला प्रतिनिधित्व वृद्धि गर्ने । शिक्षालाई प्रत्येक बालबालिकाको बाल अधिकार हो भन्ने तथ्यलाई हृदयंग गरी सबैका लागि शिक्षा २००४ देखि २००९ ले प्राथमिक तहको भर्नादर ८१ प्रतिशत वृद्धि गरी ९६ प्रतिशत पुऱ्याउने उद्देश्य राखेको छ (अधिकारी , २०६७) ।

महिला शिक्षाका बारेमा उल्लेख गर्ने क्रममा सन् १९९० मा थाइल्याण्डमा भएको सबैका लागि शिक्षा विषयको विश्व सम्मेलनको घोषणा पत्र र न्यूयोर्कमा भएको बालबालिकाको निम्ति विश्व शिखर सम्मेलनको घोषणा पत्रको कार्य योजना अनुसार सन् २००० सम्ममा अहिले ६४ प्रतिशत मात्र विद्यालय जाने बालबालिकालाई शत प्रतिशत पुऱ्याउने, ३१ प्रतिशत बालिका भर्नालाई शतप्रतिशत पुऱ्याउने र २७ प्रतिशतले मात्र प्राथमिक शिक्षा पुरा गर्ने स्थिति रहेकोमा ८० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । यसलाई सफल पार्न नेपाल सरकारले निति तथा योजना बनाई कार्यक्रम संचालन गरिरहेका छन् (राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन , २०४९) ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले गरेको अध्ययन अनुसार विद्यालयमा उपलब्ध सुविधाहरूलाई नै शिक्षामा अवसरको रूपमा लिने हो भने सुविधायुक्त विद्यालयमा विद्यार्थी सहभागिता बढ्नु पर्ने हो तर बढ्न सकेन । यसबाट के स्पष्ट हुन्छ भने सुविधाहरू त आवश्ययक हुन्छ तर उक्त सुविधाहरू बढ्दैमा विद्यार्थी सहभागीता बढ्दैन रहेछ । खासगरी छात्राहरू र पिछडिएको वर्गको हकमा यो तथ्य बढी सत्य देखिन्छ । किनकी विद्यार्थीको शैक्षिक सहभागितालाई उसको पारिवारिक स्थिति, लिङ्ग र विद्यालयको शैक्षिक वातावरण जस्ता कारणहरूसाग घनिष्ट सम्बन्ध रहेको तथ्य अध्ययनबाट स्पष्ट भएको देखिन्छ ा विद्यालयको संख्या बढेर पनि सहभागिता उल्लेखनीय रूपमा बढ्न सकेको छैन । त्यसमध्ये पनि महिला र पिछडिएका समुदायमा त झन सहभागिता अत्यन्त कम छ । साथै देशको सबै क्षेत्रमा समान शैक्षिक अवसर पुऱ्याउन सकिएको छैन र विभिन्न कारणका साथै भौगोलिक अवरोधले पनि कठिनाई ल्याएको छ (राष्ट्रिय शिक्षा आयोग, २०४९ ) ।

शिक्षाको विकासका लागि विगतमा धैरै प्रयासहरू गरिएका छन् । जसको परिणाम स्वरूप ग्रामीण क्षेत्रका प्रत्येक गा.वि.स. हरूमा सरदर ५ वटा र शहरी क्षेत्रमा वार्डपिच्छे विद्यालय खुलिसकेका छन् । कतिपय प्रा.वि. तहमा अनिवार्य महिला शिक्षिकाका नियुक्ति गरिसकिएको छ । तर हालसम्म पनि प्राथमिक विद्यालय उमेरका ४० प्रतिशत, मा.वि. उमेरका ७० प्रतिशत र उच्च मा.वि. उमेरका ९८ प्रतिशत बालिकाहरू शैक्षिक संस्थामा समेटिएका छैनन् जसमध्ये अधिकांश बालिकाहरू विशेष जातिका पर्दछन् । साथै सामाजिक रुढिवादी परम्परा, आर्थिक स्तर कमजोर, भौगोलिक दुरी, छुवाछुत गर्ने मानसिकता, जीवनउपयोगी पाठ्यसामाग्रीको अभाव र अप्रयोगाात्मक शिक्षण विधि आदिले गर्दा बालक केटीहरूले विद्यालय जान पाएका छैनन् । यी बालक केटीहरूलाई शैक्षिक गतिविधिमा

समेट्नका लागि विभिन्न कार्यहरू गर्नुपर्ने देखिन्छ, जसमा १. कसरी बालक केटीहरूलाई विद्यालयमा भित्र्याउने र कसरी विद्यालयलाई उनीहरूको घरदैलोसम्म पुऱ्याउने । २. कसरी विद्यालयमा जान पाएकालाई थामी राख्ने । ३. कसरी विद्यालय छाड्नेहरूको शिक्षालाई निरन्तरता दिने, भन्ने जस्ता चुनौतिहरू सामना गर्नुपर्दछ (उच्च राष्ट्रिय शिक्षा आयोग, २०५५) ।

उच्च स्तरीय शिक्षा आयोग, २०५५ ले गरेको अध्ययन अनुसार विगतका दिनहरूमा विद्यालयको व्यापक रूपमा विस्तार भएकाले हाल प्रति गा.वि.स. सरदार विद्यालय ५.५ भए तापनि शैक्षिक स्थिति र सहभागितामा उल्लेख्य वृद्धी आशा राखे अनुसार हुन सकेको छैन । खासगरी बालिका, पिछडिएका जाति तथा समुदायका बालबालिका सहभागिता, बाधा सामाजिक सांस्कृतिक एवं आर्थिक कारणले गर्दा नै हो । २०५३ को शैक्षिक तथ्याङ्क अनुसार प्राथमिक उमेर समूहका करिव एक तिहाई बालबालिकाहरू अझै पनि शिक्षाबाट बञ्चित छन् । देशमा अत्यधिक मात्रामा विद्यालय खोलिए पछि वैज्ञानिक नक्साङ्कन छन भन्दा पनि राजनीतिक दबाबमा परेर खुल्नाले तिनिहरूको वितरण समानुपातिक हुन नसकी प्राथमिक शिक्षा अझ पनि सुलभ बन्न सकेको छैन् । एक चौथाई भन्दा बढी बालबालिकाहरूको लागि आधा घण्टा वा सो भन्दा बढी दुरीमा प्राथमिक विद्यालयहरू खोलिएका छन् । जसले गर्दा छात्रा तथा पिछडिएका समुदायका बालबालिकाहरूको न्यून सहभागिता रहेको छ (उच्च राष्ट्रिय शिक्षा आयोग, २०५५) ।

शिक्षाको विकास आफैमा नराम्रो नभएता पनि वर्तमानमा रहेको शिक्षा प्रणाली पुरुष आधारित छ । शिक्षा सर्वसुलभ र सर्वग्राहय हुन सकेको छैन् । शिक्षामा हुने खाने वर्गको पहुँच कायम छ । जसले गर्दा पुरुष र महिला बीचको खाडललाई अझ गहिरो बनाई दिएको छ । शिक्षामा सबै महिलाको समान सहभागीता छैन् । कतिपय अवस्थामा महिलाले घर बाहिर गएर शिक्षा लिने वातावरण छैन भने कतिपय कामको बोझले शिक्षा लिन पाएका छैनन् । कतिपय अभिभावकले छोरीलाई विद्यालय पठाउन चाहँदैनन् । शिक्षाको विकासले त्यो भन्दा अगाडिको समानतामूलक समाजलाई खतम पारेर शिक्षित र अशिक्षित गरी समाजलाई दुई भागमा बाँडिदिएको छ (श्रेष्ठ र अन्य साथीहरू, २०६६) ।

वि.सं. २०३८ सालको जनगणना अनुसार ४८.८ प्रतिशत र वि.सं. २०४८ सालको जनगणना अनुसार ५०.१ प्रतिशत २०५८ सालको जनगणना अनुसार भने ५०.१३ प्रतिशत महिला जनसंख्या रहेको छ । यस प्रकार देशको कूल जनसंख्याको झण्डै आधा भाग

ओगटेका महिलावर्गहरू अशिक्षित हुनु र गाँउघरको चुलो चौकोमा नै सिमित हुनुले निश्चय पनि राष्ट्रिय विकास अभियानमा गतिरोध आउँछ (शाह ,२०५८) ।

अहिले पनि शिक्षामा महिलाहरूको सहभागिताको कमी हुनुमा आर्थिक तथा सामाजिक कारणहरू नै प्रमुख भए तापनि देशको भौगोलिक अवस्था र राजनीतिक स्थिति पनि कारक रहन गयो । त्यस्तै आर्थिक, सामाजिक कारण, आर्थिक विपन्नता, शैक्षिक चेतनाको कमी, परम्परागत सामाजिक धारणा अन्धविश्वास तथा रुढीवादी परम्परा छिटो विवाह गरिदिने चलन आदिले पनि महिला शिक्षालाई प्रभावित तुल्याएको पाइन्छ । खासगरी महिला शिक्षाप्रति रहेका नकारात्मक धारणा, अन्धविश्वास र सामाजिक भेदभाव हटाई चेतनामा अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरी समान शिक्षाका साथै छोरीलाई शिक्षा दिने कार्यलाई बढी अभिप्रेरित गर्नुपर्ने स्थिति रहेको देखिन्छ (अधिकारी, २०६७) ।

१९९० को संविधान अनुसार सबै नागरिकको आधारभूत स्वतन्त्रता र मानव अधिकारको सुनिश्चितता गरेता पनि व्यवहारमा महिलाको विभिन्नता क्षेत्रमा जस्तैः सम्पतिको अधिकार र पारिवारिक स्तरमा विभेद गरेको छ । नेपालमा विभिन्न जातिय समुहहरूमा महिलाहरूको अवस्था पुरुषको तुलनामा धेरै नै फरक पाइन्छ । धेरैजसो समुदायमा महिलाको अवस्थालाई पितृसत्तात्मक परम्पराले र वर्षौ देखि चलिआएको महिलाहरूको भूमिकाले हाम्रो समाज न्यून गतिमा अगाडी बढी रहेको पाइन्छ । सामान्यतया मानिसहरू यो विश्वास गर्दछन् कि स्वास्नी मान्छेको उचित ठाउँ भनेको उसको घर जहाँ उसको मुख्य जिम्मेवारी केटाकेटी हुर्काउने चुलोचौका गर्ने रहेको हुन्छ । फलस्वरूप स्वास्नी मान्छे शिक्षामा सिमित पहुँच पुगेको हुन्छ । जसको परिणाम उनिहरू सिमित अवसर पाएका छन् । जसले गर्दा महिलाले ठूलो सामाजिक स्वतन्त्रता उपयोग गर्नबाट बन्चित हुनु परेको छ (ओइसिड , २०१०) ।

सेरिडले सन् १९८४ मा गरेको एक अध्ययनमा शैक्षिक सहभागिताको लागि एक मात्र प्रमुख कारण लिङ्ग हो भन्ने अनुमान लगाइयो । ग्रामीण क्षेत्रका ४० प्रतिशत भन्दा बढी विद्यालय उमेर (६-१५) वर्षका बालबालिकाशरु मध्ये बालकको विद्यालय सहभागिता दर बालिकाको भन्दा ३३ प्रतिशतले बढि थियो । यस अधययनबाट पत्ता लागेका बालिका तथा छात्राको विद्यालय भर्ना नहुनुको वा कमी हुनुको सैद्धान्तिक कारण तथा तथ्यहरू देहाय बमोजिम छन् :

१ अभिभावकको अशिक्षाले बालिकाको विद्यालय सहभागितामा न्यून हुन जान्छ । यदि अभिभावक साक्षर छन् भने ४.५ प्रतिशतले बालिकाको विद्यालय सहभागितामा बृद्धि हुने सम्भावना रहन्छ ।

२ बच्चा आय आर्जनको काममा लोगेको छ भने शिक्षामा सहभागिता हुने अवसर ३३ प्रतिशतले कमी हुन्छ । यदि प्राथमिक विद्यालय उमेरका बालबालिकाले घरको कार्यमा सघाउँछन् भने ९.३ प्रतिशतले विद्यालय सहभागितामा कमी आउँछ । यदि ग्रामीण परिवारको मुख्य व्यवसाय घरेलु उद्योग वा श्रम छ भने तिनीहरूका बालबालिकाका शिक्षा सहभागितामा ६.७ प्रतिशतले घटेको पाइन्छ ।

३ एकातिर जिम्मेवारीबाट पन्छिनको लागि छोरीको विवाह छिटो गरिदिँदा पनि छात्रा उपस्थितिमा रोक लागेको पाइन्छ । भने अर्कोतिर विवाहको लागि छात्राको विद्यालय सहभागिता १२ र १३ वर्षको उमेर पछि अनौठो रूपले बढेको पाइन्छ ।

४ विद्यालयको दुरीको कारणले पनि अभिभावकहरू आफ्ना बच्चालाई विद्यालय पठाउन चाहँदैनन् । प्राथमिक विद्यालय समूहका बालबालिकाको शैक्षिक सहभागिता विद्यालय र घरको दुरीमा प्रति कि.मि. २५ प्रतिशतका दरले घटेको पाइन्छ (सेरिड , १९८४) ।

महिलालाई दिइने शिक्षाले उ आफु जन्मिएको घरमा कुनै योगदान दिन नसक्ने हुँदा उसको शिक्षामा गरिएको लगानी निरर्थक हुन जान्छ । उसलाई शिक्षा दिनुभन्दा पनि घरमा उसको रारीरिक श्रमको बढी आवश्यकता र महत्व रहने हुनाले पनि महिलालाई शिक्षामा लगानी गरिदैन । अर्कोतर्फ शिक्षाले उसको वयस्क जीवनमा कुनै प्रभाव नपार्ने, शिक्षित महिलाको विवाह मँहगो हुने, महिलाको श्रम घरभित्र र खेतीपातीमा बढी आवश्यक हुने र गरिबीको कारणले शिक्षामा लगानी गर्न नसक्ने जस्ता कारणहरूले गर्दा नै महिलालाई शिक्षा दिनमा अवरोध हुन गएको हो (आचार्य , १९८१) ।

महिलाहरू शैक्षिक क्षेत्रमा पुरुषको तुलनामा कमजोर रहनुमा सामाजिक परिवेश, आर्थिक अवस्था अनि सांस्कृतिक परिपाटी मात्र कारक नभएर। यसमा जैविक कारणहरू समेत रहेको कुरा एक अनुसन्धानले पत्ता लगाएको छ । वास्तवमा हरेक समानताको आवाजले महिला र पुरुष बीच हुने जैविक फरकपनलाई बेवास्ता गर्दछ । लण्डनमा गरिएको

एक अनुसन्धानले के उजागर गरेको छ भने किशोरीले परीक्षामा लेख्ने लेखाइको स्तरमा उनीहरूको मासिक धर्मले १४ प्रतिशतसम्म प्रभाव पार्दछ (पौडेल, २०५८) ।

रिडा (RIDA) ले १९९१ मा गरेको अध्ययन बाट के पत्ता लाग्यो भने हाल विद्यालय नजाने बालबालिकाहरू मध्ये ७० प्रतिशत बालिकाहरू छन् भने कहिल्यै विद्यालयमा भर्ना नभएका बालिकाको दर बालकको भन्दा ज्यादै बढि छ । अभिभावकले एउटा मात्र बच्चालाई विद्यालय पठाउछन् भने त्यो बालक नै हुन्छ न कि बालिका । अध्ययनको क्रममा ४० प्रतिशत अभिभावकहरूले बालबालिका दुवैको शिक्षामा जोड दिए भने ५२ प्रतिशत अभिभावकहरूले बालकलाई बढी शिक्षा दिनुपर्दछ जुन कम्तिमा १० कक्षा भन्दा माथिको हुनुपर्छ भन्ने आशय व्यक्त गरे । अविभावकहरूले छोरीलाई भन्द छोरालाई शिक्षा दिन छान्नुको मुख्य दुइवटा कारणहरू थिए :

१. बालिका पछि पूर्ण रूपमा उसको लोग्नेको घरमा जाँदा ।

२. बालिकाको भविष्यको भूमिका भनेको गृहणी हो ।

गरिवीको कारणले छोरीलाई विद्यालयमा पढ्न पठाउन नसक्ने अभिभावकहरू पनि धेरै नै पाइए । शिक्षा निः शुल्क छ तर पनि अभिभावकहरू आफ्ना बच्चालाई पढाउने अवसरको मूल्य चुकाउन सक्षम छैनन् । त्यसैले उनिहरूले बालकहरूलाई नै प्राथमिकता दिन्छन् ।

२०६० त्रि.वि.वि स्नातकोत्तरको एक शोधपत्रमा सामाजिक, आर्थिक, अवस्थामा भएको परिवर्तनले विद्यालयमा छात्राको भर्ना सहभागितामा महत्वपूर्ण प्रभाव पार्दछ । धेरै जसो अभिभावकको अशिक्षा र गरिविको कारणले छात्रा, बालिकाको शिक्षामा कमि आएको देखिन्छ । त्यसैले ग्रामीण क्षेत्रका बालिकाहरूले पढ्न चाहँदा चाहँदै पनि व्यापक गरिबी र परम्पराबादी समाजको कारणले उनीहरूलाई अगाडि बढ्न दिएको छैन (शर्मा, २०५८) भनिएको छ ।

नेपालमा महिलाको शैक्षिक सहभागिता कमजोर रहनुको कारण सम्वन्धमा एक प्रतिवेदनको निष्कर्ष यस्तो छ – नेपालमा महिलाको साक्षरता दर अत्यन्त न्यून रहेको छ । यहाँ प्रत्येक ५ महिलामा १ महिला मात्र शिक्षीत छन् । प्राथमिक तहको खुद स्कूल भर्नादर धेरै भएपनि लैङ्गिक अन्तराल धेरै छ । यहाँका महिलाले परम्परागत सामाजिक भूमिका

परिपूर्ति गर्नुपर्ने बाध्यता छ तर त्यस्तो सीप अभिवृद्धि गराउने किसिमको शिक्षा स्कूलको पाठ्यक्रममा समावेश छैन, जसले गर्दा अभिभावकहरू निरन्तर रूपमा महिलाहरूलाई विद्यालय बाट छुटाइरहन्छन् । फेरी नेपालमा ४० प्रतिशत महिलाहरूको १४ बर्ष भन्दा कम उमेर मै विवाह गरिने हुदाँ सानै उमेरमा यौनजन्य हैरानी ( Sexual Harasment) का शिकार हुन उनिहरू बाध्य हुन्छन् र आफु शिक्षित हुने मौका बाट बञ्चित हुन्छन् (MHHDC २०००) । महिलालाई दिइने शिक्षाले उँ आफु जन्मीएको घरमा कुनै योगदान दिन नसक्ने हुदाँ उसको शिक्षामा गरिएको लगानी निरर्थक हुन जान्छ । उसलाई शिक्षा दिनु भन्दा पनि घरमा उसको शारीरिक श्रमको बढी आवश्यक्ता र महत्व रहने हुनाले पनि महिलालाई विवाह महँगो हुने, महिलाको श्रम घरभित्र र खेतीपातिमा बढी आवश्यक हुने र गरिवीको कारणले शिक्षामा लगानी गर्न नसक्ने जस्ता कारणहरूले गर्दा नै महिलालाई शिक्षा दिनमा अवरोध हुन गएको हो ( आचार्य, १९८१) ।

महिलाको कमजोर शैक्षिक अवस्थमा कसरी सुधार गरी महिलालाई सशक्तिकरण गर्न सकिन्छ भन्ने सवालमा एक अध्ययनमा यस्तो निष्कर्ष निकालीएको छ – महिलाहरू शैक्षिक क्षेत्रमा परम्परागत रूपमै उपेक्षित (Disadvantage) अवस्थामा रहेका छन् । शैक्षिक व्यवस्था भित्रको प्रत्येक तहमा महिलाको सहभागिता न्यून हुदै जान्छ । उनीहरू निरक्षर गरीवि तथा निर्णय गर्ने अधिकारको कमिले अझ पिछडिएका छन् । प्रभावकारी सूचनाको पहुँचमा नहुँदा आफूले प्राप्त गरेका अधिकारको समेत उनीहरू जानकारी राख्दैनन् । यस्तो अवस्थाको महिलाहरूलाई शिक्षामा अधिक सहभागी गराउन सक्ने किसिमका विभिन्न कार्यक्रमहरू लागू गर्नुमात्र होइन व्यवहारीक, श्रृजनात्मक, व्यवसायिक तथा प्राविधिक शिक्षामा जोड दिदै उच्च शिक्षा सम्म पहँच कायम गर्न सक्ने किसिमका रणनितिहरू बनाउनु पर्दछ । यसको निमित्त समाजको वास्तविक अवस्थालाई बुझेर महिलाको शैक्षिक गतिविधिमा निरुत्साहित गर्ने किसिमका मान्यताहरूलाई चेतनाको माध्यम बाट परास्त गर्न शिक्षण पेशामा महिला सहभागिताको वृद्धि गर्नुपर्दछ ताकी महिलाहरू विद्यालय जान तर्फ प्रेरित होउन । यसो भएमा मात्र शिक्षाको माध्यमबाट महिलाहरूले आत्म विश्वास र स्वतन्त्रता प्राप्त गर्न सक्नेछन् (GWPIG, Women in Nepal, १९९५) ।

# अध्याय तिन

# अनुसन्धान पद्धति

## ३.१ अध्ययन क्षेत्रको छनौट र औचित्य

कुनै पनि अनुसन्धान कार्यलाई मूर्त रूप दिनका लागि सर्वप्रथम अनुसन्धान गर्न उपयुक्त क्षेत्रको आवश्कता पर्दछ । उपयुक्त क्षेत्र छनौट हुन नसकेको अध्ययनको महत्व र औचित्य हुदैन । शोध कार्यमा क्षेत्रको छनौटले औचित्य र महत्व अध्ययन क्षेत्र अझ बढी व्यापक पार्दछ । यस अध्ययनको क्षेत्र सर्लाही जिल्ला बरहथवा गा.वि.स. वडा नं. ८ हो । यस सर्लाही जिल्लाको नेपालको कूल भू-भागको लगभग ०.८६% क्षेत्रफल र कूल जनसंख्याको लगभग २.७५% भाग ओगटेको छ । जनसंख्याको हिसाबले नेपालमा यो जिल्ला छैठौ स्थानमा पर्दछ । धेरै थोरै गरेर यस जिल्लामा ९४ जातजातिको बसोबास रहेको छ । यस सर्लाही जिल्ला बरहथवा गा.वि.स. मा ९ वडाहरू रहेका छन् । ती वडाहरूमा कूल घरधुरी संख्या २,३८५ रहेको छ भने कूल जम्मा जनसंख्या १३,७९५ रहेको छ । जसमध्ये पुरुष जनसंख्या ७,३०७ र महिला जनसंख्या ६,४८८ जनसंख्या रहेको छ । जसमध्ये यस अध्ययन क्षेत्र वडा नं. ८ मा कूल घरधुरी संख्या ३७४ रहेको छ भने कुल जम्मा जनसंख्या २,२९२ रहेको छ । जसमध्ये पुरुष जनसंख्या १२५६ तथा महिला जनसंख्या १०३६ रहेको छ ।

भौगोलिक हिसाबले यस जिल्लालाई उत्तरतर्फ रहेको चुरे पर्वत, बीचमा रहेको भावर र दक्षिणमा तराईको समथर मैदान ओगट्ने गरी ३ भागमा बाड्न सकिन्छ । समुद्री सतहभन्दा ६० मीटर देखि ६५९ मीटरको उचाइमा यो जिल्ला रहेको छ ।हावापानीको हिसाबले यो जिल्ला मनसुनी हावापानीद्धारा प्रभावित क्षेत्र हो । त्यस्तै गरी यस क्षेत्रको प्रमुख चाडपर्वहरू रक्षा बन्धन, तीज, ऋषि पंचमी, कृष्ण अष्टमी, विश्वकर्मा पुजा, जितिया, दशैं ( दशहरा), दिपावली, छठ, माघेसंक्रान्ती, फागुपर्व, विवाह पञ्चमी, रामनवमी, जुडशितल, तथा सतुआइन, रमजान, ईद-उल-फित्तर आदि हुन् (सर्लाही जिल्ला वस्तुगत विवरण, २०६३) ।यस अध्ययनको क्षेत्र बरहथवा गा.वि.स.वडा नं.८ का महिलाहरूको शैक्षिक स्थितिसँग सम्बन्धित छ । अध्ययन क्षेत्रका महिलाहरूको शैक्षिक स्थिति छनौट गर्नुको कारणहरू निम्नानुसार रहेका छन् ।

(क) यस गा.वि.स.का महिलाको शैक्षिक स्थिति कमजोर भएकोले ।

(ख) यो विषयमा यस ठाउँमा प्रभावकारी अध्ययन अनुसन्धान नभएकाले ।

(ग) यस गा.वि.स.मा सबै जात जातिका महिलाको उपस्थिति भएकोले गर्दा सम्पूर्ण जातिको जनसंख्या समेट्न सकिने भएकोले ।

(घ) शोधकर्तालाई त्यहिको बासिन्दा भएकोले र तथ्याङ्क संकलन गर्न सजिलो भएकोले ।

## ३.२ अध्ययन ढाचाँ

प्रस्तुत अध्ययन अन्वेषणात्मक साथै विश्लेषणात्मक तथा व्याख्यात्मक रहेकोछ । यस अध्ययनले सर्लाही जिल्ला बरहथवा गा.वि.स.वडा नं. ८ का महिलाहरूको शैक्षिक स्थितिका बारेमा अन्वेषण, र व्याख्या विश्लेषण गरिएको छ । उक्त महिलाहरूको शिक्षालाई प्रभावित पार्ने जिम्मेवार तत्वहरूको बारेमा अन्वेषण गरिएको छ ।

## ३.३ तथ्याक्तको प्रकृति र स्रोत

विभिन्न स्रोतबाट प्राप्त तथ्याङ्कहरूको अध्ययन समाजशास्त्रीय ढंगबाट विवेचनात्मक र व्याख्यात्मक रूपमा गरिएको । यस अध्ययनका क्रममा दुई किसिमका स्रोतबाट तथ्याङ्क संकलन गरिएकोछ ।

### (क) प्राथमिक स्रोत

अनुसन्धानलाई यथार्थ परक र प्रमाणिक बनाउन सबै भन्दा महत्वपूर्ण माध्यम भनेको प्राथमिक स्रोतको तथ्याङ्क हो । प्राथमिक तथ्याङ्क घरधुरी सर्वेक्षण, तथा उत्तरदातासँगको व्यक्तिगत अन्तरवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरिएको छ । जसबाट अध्ययन क्षेत्रको महिलाहरूको आर्थिक, सामाजिक तथा शैक्षिक स्थिति तथा शैक्षिक स्थितिलाई प्रभाव पार्ने तत्वका बारेमा तथ्याङ्क संकलन गर्न सकिएको छ ।

### (ख) द्धितीय स्रोत

अनुसन्धानलाई अझबढी प्रभावकारी पार्नका लागि प्राथमिक स्रोतका साथसाथै द्धितीय स्रोतहरू जस्तै पुस्तक, पत्र-पत्रिका, लेख, यस अधि खोज भएका अनुसन्धान आदिबाट पनि आवश्यक उपयोगी तथ्याङ्कहरू संकलन गरिएको छ ।

## ३.४ समग्रता र नमूना छनौट

प्रस्तुत यस अध्ययनको क्रममा महिलाहरूको आर्थिक, सामाजिक तथा शैक्षिक स्थिति तथा समाजमा विद्यमान महिला शिक्षालाई प्रभावित गर्ने जिम्मेवार तत्वहरूको बारेमा तथ्याङक संकलन गरिएको छ । यसरी अध्ययन गरिने क्रममा बरहथवा गा.वि.स. मा अवस्थित ९ वटा वडा मध्ये बाट पनि गोला प्रथा विधि अपनाई वडा नं.८ छानिएकोछ । यस वडा नं. ८ मा ३७४ वटा घरधुरीहरू अवस्थित छन् । यस शोधकार्यका लागि बरहथवा गा.वि.स. का ५३ वटा घरधुरीहरू गोलाप्रथा विधिको प्रयोग गरी छानिएको थियो । सबै घरधुरीलाई समेट्न नसकिने हुँदा जम्मा घरधुरी संख्याको १४ प्रतिशत घरधुरी पर्ने हिसाबले ५३ वटा घरधुरी छानिएको छ । यसरी समग्रताबाट नमूना छनौट गर्नका लागि समग्र घरधुरीको घरमुलीको नाम सुचिवद्ध गरेर चिठ्ठामा हालियो र ५३ वटा घरधुरीनआउन्जेलसम्म थुतिरहियो । यसरी अध्ययनरत घरधुरीहरू छनौट गरिएको थियो । उक्त छनौट गरिएको ५३ घरधुरीहरूबाट १२ वर्षभन्दा माथिका महिलाउत्तरदाताहरू छानिएको थियो । किनभने सामान्यतया १२ वर्ष मुनिका महिलाहरु धेरै परिपक्क नहुने उनिहरु सानै हुन्छन् । उनिहरुले सोधिएको प्रश्नावलिको उत्तर राम्रो सँग दिन नसक्ने हुँदा नै १२ वर्ष भन्दा मुनिका महिलाहरुलाई यस अध्ययनमा समावेश नगरिएको हो । यि उत्तरदाताहरू छान्ने क्रममा पनि यदि एक वटा घरधुरीमा एक भन्दा बढी १२ वर्ष भन्दा माथिको महिला भएको अवस्थामा गोलाप्रथा विधिकै प्रयोग गरी ती मध्ये एक जनालाई उत्तरदाताको रूपमा छानिएको थियो । यि ५३ वटा घरधुरीहरू बाट ५३ जना उत्तरदाता सँग आवश्यकता अनुसारको प्रश्नावलीका आधारमा आवश्यक तथ्याङ्क संकलन गरिएको छ ।

## ३.५ तथ्याङ्क संकलन तरीका

प्राथमिक तथ्याङ्कको संकलन निम्नलिखित विधि अपनाएर गरिनेछ ।

### (क) अन्तरवार्ता अनुसुची

कुनैपनि अनुसन्धान कार्य गर्दा शोध कर्ताले यथार्थ तथ्य र जानकारी हासिल गर्नका लागि व्यक्तिहरू सँग प्रत्यक्ष भेटघाट गर्नु आवश्यक हुन्छ । यस विधि बाट अनुसन्धान कर्ताले बरहथवा गा.वि.स.वडा नं. ८ का महिलाहरूको आर्थिक, सामाजिक तथा शैक्षिक स्थिति कस्तो रहेको छ । उक्त महिलाहरूको शैक्षिक स्थिति कमजोर हुनुमा समाजमा विध्मान जिम्मेवार तत्वहरूको पहिचान गर्न तर्फ केन्द्रित रहि अनुसन्धानकर्ताले अधययन

स्थलमा गई अन्तरवार्ता विधिबाट परिवारका सुचना संकलन गरिएकोछ । यस प्रविधि मार्फत प्राथमिक तथ्याङ्क संकलन गर्दा छनौट भएका प्रत्येक परिवारमा गई उक्त परिवारका १२ वर्ष भन्दा माथिका महिलाहरूसँग प्रत्यक्ष अन्तरवार्ता गरिएकोछ । किनकि अनुसन्धानको बिषय नै महिलासँग सम्बन्धित रहेको र कतिपय प्रश्नहरू महिलासँग मात्र सोध्नुपर्ने प्रकृतिका रहेका छन् । यस प्रविधि मार्फत् अनुसन्धान गर्दा प्रश्नहरू आवश्यकता अनुसार अर्ध संरचित प्रकृतिको रहेकोछ । अनुसन्धानका कममा अन्तरवार्ताको लागि विशेषगरी दुई किसिमका प्रश्नहरू सोधिएकोछ । पहिलो किसिमका प्रश्नहरू उत्तरदाताको सामान्य परिचय,पारिवारिक विवरण र शैक्षिक अवश्था सँग सम्बन्धित छन् । भने दोस्रो किसिमका प्रश्नहरू महिलाको शैक्षिक गतिविधिमा प्रभाव पार्ने तथा परिवारमा महिलाको स्थान ,हैसियत वा भुमिका बुझ्ने खालका छन् । यस्ता प्रश्नहरू आवश्कता अनुसार बन्द र खुला दुवै प्रकृतिका राखिएको छ ।

(ख) **अवलोकन**

यस पद्धती मार्फत तथ्याङ्क संकलन गर्दा उत्तरदाताको स्पष्ट देखिने सुचनाहरू परिवारिक कियाकलाप ,घरको वनावट ,उत्तरदाताको व्यवहार , कियाकलाप हाउभाउ ,उत्तरदिने शैली , उत्तर दिदाका बखतको उत्तरदाताको अनुहार जस्ता कुराहरूको आधारमा उत्तरको सत्यता र महिलाहरूको मनोवैज्ञानिक पक्षलाई नजिकबाट प्रत्यक्ष रूपमा सहभागी भएर वा अप्रत्यक्ष रूपमा सहभागी नभईकन अवलोकन गर्दा उक्त क्षेत्रका महिलाहरूको आर्थिक, सामाजिक तथा शैक्षिक स्थितिको बारेमा बुझ्न सजिलो भएको छ ।

## ३.६ तथ्याक्त विश्लेषण प्रकिया

अनुसन्धानको उद्धेश्य प्राप्तीको लागी संकलित तथ्याङ्कहरू आफैमा अनुउत्तरीत हुन्छन् । जसलाई अर्थपूर्ण बनाउनका लागि संकलन गरिएका तथ्याङ्कको संकलन गरिसके पछि तथ्याङ्कहरूलाई प्राथामिक तथ्याङ्क र द्धितिय तथ्याङ्क गरी विभाजन गरिएको छ । त्यसको साथै संकलित तथ्याङ्क परिमाणात्मक र गुणात्मक दुवै भएको हुदाँ अध्ययनको प्राथामिकता र औचित्य रहन गएको छ । यसरी छुट्याइएका तथ्याङ्कलाई विभिन्न गणितीय पद्धती अपनाई तालिकामा उतारीएको छ ।

## ३.७ अध्ययनको सिमा

प्रत्येक अध्ययनका आफ्नै बाध्यता हुनेहुदा यस अध्ययनका पनि केहि सिमाहरू छन् जसलाई बुदाहरूमा प्रस्तुत गरिएको छ ।

१. यो अध्ययन एउटा गा.वि.स.को पनि एउटा वडा मा मात्र सिमित छ ।

२. यस अध्ययनले उक्त स्थानमा महिलाहरूको राजनीतिक, धार्मिक आदि पक्षलाई समेटेको छैन ।

३. यस अध्ययनले नेपालका सम्पूर्ण महिलाहरूको शैक्षिक अवस्थालाई प्रतिनिधित्व गर्न सक्दैन ।

४. यस अध्ययनमा १२ वर्ष भन्दा मुनिका महिलाहरूलाई उत्तरदाताको रूपमा लिईएको छैन ।

# अध्याय चार

## महिलाहरूको सामाजिक, आर्थिक अवश्था

महिला तथा तिनीहरूका परिवारको सामान्य परिचय अनुससन्धान प्रतिवेदनको यस भागमा अनुसन्धानको निमित्त अध्ययन क्षेत्रबाट नमूनाको रूपमा छनौट भएका उत्तरदाता महिला र तिनीहरूका परिवारको जनसांखिक, सामाजिक, आर्थिक  अवस्थाका बारेमा सामान्य परिचय प्रस्तुत गरिएको छ ।

### ४.१ जनसांख्यिक अवश्था

अध्ययन क्षेत्रबाट नमूनाको रूपमा चयन भएका ५३ वटा परिवारमा कूल जनसंख्या २७० रहेको छ । यस जनसंख्यामा पुरुष र महिलाको जनसंख्यामा धेरै नै  भिन्नता रहेको छ । जसअनुसार पुरुषको जनसंख्या ११९ तथा महिलाको जनसंख्या १५१ रहेको छ । छनौट भएका महिलाहरू बाट संकलन गरिएका तथ्यांकहरूलाई निम्न शिर्षकहरूमा प्रस्तुत गरिएका छन् ।

### ४.१.१ जातिगत आधारमा महिलाको जनसांखिक विवरण

यस अध्ययन क्षेत्रमा विभिन्न जातजातिहरूको बसोबास रहेको छ । नमूना छनौट गर्ने क्रममा अनुसन्धानको निमित्त छनौट भएको यस क्षेत्रका सबै जातजातिहरूको उद्देश्यमूलक ढंगले प्रतिनिधित्व गराइएको छ । अनुसन्धानको निमित्त छनौट भएका उत्तरदाता परिवारको जनसंख्या जातिगत रूपमा निम्नानुसार रहेको छ ।

**तालिका नं. ४.१**
**जातिगत आधारमा महिलाको विवरण**

| जातजाति | महिलाको संख्या | |
|---|---|---|
| | संख्या | प्रतिशत |
| ब्राम्हण | १७ | ३२.०७ |
| क्षेत्री | ७ | १३.२० |
| माझी | ४ | ७.५४ |
| राय | १० | १८.८६ |
| यादव | १२ | २२.६४ |
| नेवार | ३ | ५.६६ |
| जम्मा | ५३ | १०० |

श्रोत : स्थलगत अध्ययन, २०६८

तालिका ४.१ अनुसार सम्पूर्ण ५३ महिलाहरू मध्ये सबैभन्दा बढी १७ जना वा ३२.०७ प्रतिशत जातिको जनसंख्या रहेको छ । त्यसपछि राय जातिको १२ जना वा २२.६४ प्रतिशत, त्यस्तै गरी यादव जातिको १० जना वा १८.८६ प्रतिशत त्यस्तैगरी क्षेत्री जातिको ७ जना वा १३.२० प्रतिशत तथा माझी जातिको ४ जना वा ७.५४ प्रतिशत भने सबैभन्दा कम नेवार जातिको ३ जना वा ५.६६ प्रतिशत महिला संख्या रहन गएको छ । यसरी हेर्दा यस तालिकामा ब्राम्हण जातिको महिला संख्या अन्य जातिको भन्दा बढी देखियो । प्रस्तुत अध्ययन क्षेत्र मा जातिगत जनसंख्याको समानुपातिक अवस्था हेर्दा जम्मा २७० जनसंख्या मध्ये ब्राम्हण जातिको सबैभन्दा धेरै अर्थात् ८६ जना वा ३१.८५ प्रतिशत जनसंख्या रहेको छ यसै बाट पनि अनुमान लगाउन सकिन्छ कि यस क्षेत्रमा ब्राम्हण जातिको बाहुल्यता बढी छ । यसो हुनुको प्रमुख कारण अध्ययन क्षेत्र तराईको मधेसी समुदाय हो यहाँ अन्य जातिको तुलनामा मधेसीहरूको बाहुल्यता बढी छ । यहाँ ब्राम्हण जाति भित्र पनि मधेसी ब्राम्हण र पहाडे ब्राम्हण लाई एकै ठाउँमा गाभिएकोले गर्दा पनि बढी भएको हो भने त्यस्तै गरी राय जातिका १० जना र यादव जातिका १३ जना महिला हुनुमा यि जातिहरू पनि मधेसी जाति नै भएकाले यि जातिहरूको संख्या बढी हुन आएको हो । यस तालिका बाट के स्पष्ट हुन्छ भने यस अध्ययन क्षेत्रमा मधेसी समुदायको बाहुल्यता बढी छ र पहाडे समुदायको बाहुल्यता कम छ । त्यस्तै गरी क्षेत्री जाति का ७ जना महिला मात्र हुनुमा यहाँ पहाडे क्षेत्री मात्र भएकाले संख्या कम हुन गएको हो भने त्यस्तै गरी माझीहरू ४ जना मात्र हुनुमा यस वडामा माझीहरूको पनि केही घरधुरी रहेकोले गर्दा हो । भने त्यस्तै गरी नेवार समूदायका ३ महिला मात्र हुनुमा पनि यस वडामा नेवारको बाहुल्यता कम भएको गर्दा हो ।

### ४.१.२ उमेरको आधारमा जनसंख्याको विवरण

नमूना चयन भएका परिवारमा विभिन्न उमेर समूहको जनसंख्या रहेको छ भने महिलाको पनि उमेरमा एकरूपता छैन । त्यसैले यहाँ महिलाहरू तथा उनीहरूका परिवारको कूल जनसंख्यालाई उमेरको आधारमा विभिन्न समूहमा विभाजन गरी विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.२**

**उमेरको आधारमा महिलाका परिवारको जनसांखिक विवरण**

| **उमेर समूह** | महिला | | **पुरुष** | |
|---|---|---|---|---|
| | **संख्या** | **प्रतिशत** | **संख्या** | **प्रतिशत** |
| १–१२ | ३३ | २१.८५ | २५ | २१.० |
| १३–२४ | ५४ | ३५.७६ | २९ | २४.३६ |
| २५–३६ | २४ | १५.८९ | ४ | ३.३६ |
| ३७–४८ | २० | १३.२४ | ३० | २५.२ |
| ४९–६० | ५ | ३.३१ | २१ | १७.७४ |
| ६१–७२ | १० | ६.६२ | ७ | ५.८८ |
| ७३ भन्दा माथि | ३ | १.९८ | ३ | २.५२ |
| जम्मा | १५१ | ५५.९२ | ११९ | ४४.०७ |

स्रोत स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.२ अनुसार उमेरको आधारमा महिला परिवारका जनसांख्यिक विवरण हेर्दा (१-१२) २१.८५% महिलाहरू रहेका छन् भने (१३-२४३) उमेर समूहका ५४ वा ३५.७६% महिलाहरू छन् भने (२५-३६) उमेर समूहका २४ वा १५.८९% महिलाहरू छन् । त्यसैगरी (३७-४८) उमेर समूहका २० वा १३.२४% महिलाहरू छन् भने (४९-६०) उमेर समूहका ५ जना वा ३.३१% महिलाहरू छन् भने (६१-७२) उमेर समूहका १० वा ६.६२% महिलाहरू छन् । तयसैगरी ७३ भन्दा माथि उमेर समूहका ३ वा १.९८% महिलाहरू रहेका छन् । त्यसैगरी पुरुष तर्फ हेर्दा (१-१२) उमेर समूहका २५ वा २१.०% पुरुषहरू छन् भने ( १३-२४) उमेर समूहका २९ वा २४.३६% रहेका छन् भने (२५-३६) उमेर समूहका ४ जना वा ३.३६% भने (३७-४८) उमेर समूहका ३० जना वा २५.२% भने त्यसैगरी (४९-६०) उमेर समूहका २१ जना १७.७४% प्रतिशत रहेका छन् भने (६१-७२) उमेर समूहका ७ जना वा ५.८८% रहेका छन् तथा ७३ भन्दा माथि उमेरका ३ जना वा २.५२% पुरुष जनसंख्या रहेका छन् । यसरी तालिकामा विभिन्न उमेर समूहमा महिला र पुरुष बीच भिन्नता

पाईन्छ । (१-१२) उमेर समूहका ३३ जना महिला छन् यो संख्या पुरुषको तुलनामा बढी छ । यसो हुनुमा छोराको चाहना गर्दा अर्थात छोरा पाउनेक्रममा छोरी बढी जन्माइएकाले गर्दा हो भने त्यस्तैगरी (१३-२४) उमेर समूहका महिलाहरूको प्रायजसो तराईमा चाडो विवाह गरीदिने चलन छ तर आर्थिक स्थिति कमजोर भएका परिवारहरूमा छोरीलाई दाइजो दिन नसकेका कारण विवाह गर्न नसकि घरमै बसेकाले गर्दा पनि यो उमेर समूहका महिलाहरू बढी रहेका छन् । त्यस्तै गरी पुरुषतर्फ हेर्दा (२४-३६) उमेर समूहका ४ जना पुरुष मात्र छन् यसो हुनुको प्रमुख कारण उक्त उमेर समूहका प्रायजसो छोराहरू कमाउनका लागि विदेश पलायन भएकोले गर्दा हो । त्यस्तै गरी ७३ माथिको जनसंख्या षुरुष तर्फ ३ जना र महिला तर्फ पनि ३ जना पाइयो यसो हुनुको प्रमुख कारण प्रायजसो परिवारमा ६० वर्ष नाघेका वा सो भन्दा कम उमेरका पनि विभिन्न रोग लागेको बेलामा उचित उपचारको अभाव, अन्धविश्वास, अशिक्षा, आर्थिक स्थिति कमजोर तथा जनचेतनाको अभावले गर्दा अल्प आयु मै मृत्युको शिकार हुन बाध्य भएकाले गर्दा नै ७३ वर्ष भन्दा माथि तथा तलको जनसंख्यामा कमि आएको हो ।

### ४.१.३ लिंगको आधारमा जनसंख्याको वितरण

पारिवारिक सर्वेक्षणको क्रममा छनौट भएका परिवारका महिला र पुरुष दुवैको जनसंख्यालाई लिइएको छ । लैङ्गिक आधारमा उनीहरूको जनसंख्याको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं. ४.३**

**लिङ्गको आधारमा महिलाका परिवारको विवरण**

| लिङ्ग | संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ११९ | ४४.०७ |
| महिला | १५१ | ५५.९२ |
| जम्मा | २७० | १०० |

श्रोत: स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.३ अनुसार नमूना चयनमा परेका परिवारमा कूल २७० जनसंख्या रहेकोमा पुरुषको जनसंख्या ११९ रहेको छ भने महिलाको जनसंख्या १५१ रहेको छ । उक्त

जनसंख्यामा पुरुषको जनसंख्याले सम्पूर्ण जनसंख्याको ४४.०७ प्रतिशत र महिलाको जनसंख्याले ५५.९२ प्रतिशत स्थान ओगटेको छ। किनकि यसो हुनुको प्रमुख कारण अध्ययन क्षेत्र मध्य तराई हो यहा बढी मधेसी समुदायको बाहुल्यता छ यस समूदायमा छोराको चाहना राख्ने हुँदा छोराको आशा गर्दा गर्दै छोरीको संख्या बढ्दै गएको हो । छोरा जन्मियो भने तिलक अर्थात् दाईजो बुहारीले ल्याउँछे भन्ने धारणाको विकास भएकोले गर्दा छोराको चाहना धेरै राख्दछन् भने छोरी जन्मिइ भने दाइजो लिएर अर्काको घरमा जान्छे भन्ने मानसिकता भएको कारण नै छोरा नहुन्जेल सम्म बच्चा जन्माइरहने हुदा छोरीको संख्या बढ्दै गएको हो ।

### ४.१.४ वैवाहिक अवस्थाको आधारमा महिलाको जनसंख्याको वितरण

महिलाहरू विवाहित, अविवाहित तथा विधवा अवस्थामा रहेका छन् । यहाँ विवाहको आधारमा यिनीहरूको जनसांखिक अवस्थाको विश्लेषण गरिएको छ ।

**तालिका नं. ४.४**

**वैवाहिक अवस्थाको आधारमा महिलाको विवरण**

| महिलाको वैवाहिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहित, | २५ | ४७.१६ |
| अविवाहित | २४ | ४५.२८ |
| विधवा | ४ | ७.५४ |
| जम्मा | ५३ | १०० |

श्रोत: स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.४ अनुसार कूल महिलाको ४७.१६ प्रतिशत वा २५ जना महिला विवाहित रहेका छन् । अविवाहित महिलाको संख्या २४ (४४.२८%) रहेको छ भने ४ (७.५४%) विधवा महिलाहरू रहेका छन् । अविवाहित महिलाहरूको संख्या विवाहित महिला सरह देखिनुको प्रमुख कारण अध्ययन क्षेत्र तराई हो यहाँ मधेसी समूदाय को बाहुल्यता बढी छ । साथै यस समुदायमा छोरीको छिटै विवाह गर्ने चलन छ तर छोरीलाई दाइजो दिन नसकेर छोरीको विवाह नभएकोले गर्दा पनि अविवाहित संख्या विवाहित महिलाको जतिकै हुन आएको हो भने त्यस्तैगरी विधवा को संख्या सबभन्दान कम देखिनुले के स्पष्ट पार्दछ

भने यहाँ सम्बन्ध विच्छेद गर्ने, एक्लै बस्ते आदि जस्ता चलन नै नभएकोले उक्त महिलाहरू को संख्या यहाँ देखिदैन । परम्परागत सोचमा जगडिएका कारण समाजले तिरस्कार, अपहेलित गर्ने डर को कारण महिलाहरू चाहेर पनि सम्बन्ध विच्छेद गर्न चाहदैनन् ।

### ४.१.५ परिवारको प्रकारका आधारमा महिलाका परिवारको वितरण

उत्तरदाताका परिवारहरू एकात्मक र संयुक्त दुवै प्रकृतिका रहेका छन् । तर बृहत परिवार भने छैनन् । परिवारको प्रकारका आधारमा उत्तरदाताका परिवारहरूको विवरण निम्न तालिका ४.५ अनुसार स्पष्ट पारिएको छ ।

**तालिका नं. ४.५**

**परिवारको प्रकारका आधारमा महिलाका परिवारको विवरण**

| परिवारको प्रकार | संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | ४६ | ८६.७९ |
| संयुक्त परिवार | ७ | १३.२० |
| जम्मा | ५३ | १०० |

श्रोतः स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.५ अनुसार छनौट भएका परिवामा एकात्मक र संयुक्त परिवार मध्ये एकात्मक परिवार संयुक्त परिवार भन्दा धेरै नै बढि रहेका छन् । यो संख्या एकात्मकको ४६ र संयुक्तको ७ रहेको छ भने प्रतिशतको हिसाबले एकात्मक परिवारले ८६.७९ प्रतिशत र संयुक्त परिवारले १३.२० प्रतिशत स्थान ओगटेको छन् । एकात्मक परिवार धेरै हुनुमा संयुक्त परिवार प्रथाबाट आफ्नो व्यक्तिगत स्वतन्त्रता वा आफु खुशी धनआर्जन गरी सुखी र समृद्ध जीवन व्यत्तित गर्ने अपेक्षा नदेखि आफ्नो पत्नी र छोरा छोरी लाई बाबुबाजे, आमा, दाजुभाई, दिदि बहिनीबाट छुट्टै भिन्न भई बसिने पारिवारिक प्रथा हो । वतैमान समयमा यो प्रथाको धेरै विकास भएको पाइन्छ । यसैको फलस्वरूप यस अध्ययन क्षेत्रमा पनि संयुक्त परिवार प्रथामा ह्रास आई उकात्मक परिवार प्रथाको संख्या दिनानु दिन वृद्धि भई ४६ परिवार संख्यामा आइपुगेको हो । भने त्यस्तै गरी माथिको तालिकामा संयुक्त परिवार संख्यामा कमि हुनुमा संयुक्त परिवार भन्नाले बाबु, बाजे, आमा, छोरा नाती, नातिना सबै सुख दुःख आफुमा साटासाट गरेर मिलिजुली बसेका हुन्छन् । यो प्रथामा परिवारका सदस्यले

आफूले आर्जन गरेको आम्दानी परिवारको मुलीलाई बुझाउँदछ र यसैबाट घरमुलीले सम्पूर्ण परिवारको खर्च बर्च अन्य आर्थिक दायित्व वहन गर्दछ । यो प्रथामा अनुशासन, आदर, सत्कार आपसी सदभाव, माया प्यार, नैतिक दायित्व पालना गरिएको हुन्छ । यस्तो सोचाई राख्नेहरू संयुक्त परिवार भित्र बस्दछन् । यस क्षेत्रमा यस्तो सोचाई राहनेहरूको ७ मात्र पाईयो ।

### ४.१.६ परिवार प्रमुखको आधारमा महिलाका परिवारको विवरण

पितृसत्तात्मक पारिवारिक ढाँचाको हाम्रो समाजमा अधिकांश परिवारका परिवार प्रमुख पुरुषहरू नै रहेका छन् । एका - दुई परिवारमा महिला परिवार प्रमुख भएपनि ती परिवार मातृसत्तात्मक नभई लोग्नेको मृत्यु भएको वा घरमा नरहेको कारणले यसो भएको हो । परिवार प्रमुखको आधारमा गरिने विभाजनलाई यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.६**

**परिवार प्रमुखको आधारमा महिलाका परिवारको विवरण**

| परिवार प्रमुख | परिवार संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ५१ | ९६.२२ |
| महिला | २ | ३.७७ |
| जम्मा | ५३ | १०० |

श्रोत: स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.६ अनुसार कूल ५३ परिवार मध्ये ५१ परिवारमा पुरुष सदस्य नै परिवार प्रमुखको रूपमा रहेका छन् भने २ परिवारमा मात्र महिला सदस्य परिवार प्रमुखको रूपमा रहेका छन् । यो संख्या सम्पूर्ण परिवार संख्याको पुरुषमा ९६२२ प्रतिशत र महिला ३.७७ हुन आउँछ । यहाँ महिला परिवार प्रमुख भएका परिवारमा पनि लोग्ने जिवित नभएर महिला प्रमूख हुन पुगेका परिवार १ रहेको छ भने १ परिवारमा हाल लोग्ने घरमा नभएको कारणले महिला परिवार प्रमुखको रूपमा रहेकी छन् । यसबाट सहजै अनुमान लगाउन सकिन्छ कि अधिकांश घरपरिवारमा पुरुष घरमुली छन् । जसको कारण घरभित्र तथा बाहिरका प्रायजसो आर्थिक तथा सामाजिक क्रियाकलापमा उनीहरूको वर्चस्व देखिन्छ । महिलाहरू पुरुषको सहयोगीको रूपमा प्रस्तुत देखिन्छन् । घरमुलिको रूपमा

महिलाको उपस्थिती कमी हुनुले परिवारभित्र उनीहरू दोस्रो दर्जामा छन् भन्न सकिन्छ । यस क्षेत्रमा पुरुष परिवार प्रमुख हुनुको प्रमुख कारण भनेको यो क्षेत्रमा मधेसी समुदायको बाहुल्इता बढी छ । मधेसी समाजमा घरको काम बाहेक अन्य कामहरु जस्तै निर्णय र अधिकारका काममा छोरी र बुहारी अगाडि सरेर काम गरेको राम्रो मानिदैन र काम गर्न पनि नदिने चलन भएकोले गर्दा र साथै पहाडेहरु पनि मधेसी समुदायमा बस्दा बस्दै त्यहीको चलन अनुसरण गर्ने गरेकाले गर्दा पहाडे परिवारमा पनि पुरुष नै परिवार प्रमुख भएकोले गर्दा हो । अन्यथा हाम्रो समाज पितृसतात्मक समाज जहाँ घरमा, समाजमा पुरुषको प्रमुख स्थान हुन्छ । उनीहरूको आदेशमा परिवारका अन्य सदस्यहरू चल्नुपर्ने हुन्छ । धार्मिक मूल्य मान्यता, समाजका नियम पनि पितृसत्तात्मक सोच अनुरूप हुन्छन् जसको कारण पुरुष बढी सक्रिय हुन्छन् । त्यसकारण पनि अध्ययन क्षेत्रका अधिकांस घरमा पुरुष घरमुली नै पाइयो ।

### ४.२ भाषिक अवश्था

नमूना छनौटमा परेका सबै परिवारमा भाषागत एकरूपता छैन । यी परिवार मध्ये अधिकांश परिवारले मातृभाषाको रूपमा मधेसी (देहाती) र मैथली भाषा बोले पनि केहि परिवारहरूले नेपाली भाषा, र नेवारी भाषा पनि बोल्छन् । त्यसैले महिला र तिनीहरूका परिवारको जनसंख्याको भाषागत विवरण यहाँ प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.७**

**मातृभाषाको आधारमा महिलाको विवरण**

| मातृभाषा | उत्तरदाताको संख्या | |
|---|---|---|
| | जनसंख्या | प्रतिशत |
| मधेसी (देहाती) | २२ | ४१.५० |
| मैथली | ९ | १६.९८ |
| नेपाली | १९ | ३५.८४ |
| नेवारी | ३ | ५.६६ |
| जम्मा | ५३ | १०० |

श्रोत : स्थलगत अध्ययन, २०६८

तालिका ४.७ अनुसार ५३ जना महिलाहरू मध्ये २२ जना अर्थात् ४१.५०% मधेसी भाषा बोल्दछन् । भने ९ जना वा १६.९८% ले मैथली भाषा बोल्दछन् भने १९ जना वा ३५.८४% महिलाले नेपाली भाषा बोल्दछन् भने, ३ जना वा ५.६६% ले नेवारी भाषा बोल्दछन् । यसरी हेर्दा यस तालिकामा सबैभन्दा बढी मेधेसी (देहाती) भाषा बोल्ने मधेसी समुदायको राय जाति र यादव जातिका पर्दछन् यस अध्ययन क्षेत्रमा यि नै जातिको बाहुल्यता बढी छ मेधेसी समुदायकै ब्राम्हण जाति भित्र पर्ने हरूले मैथली भाषा बोल्दछन् यिनीहरू ७ जना रहेका छन् । यहाँ मधेसी जाति भित्र पनि सबैभन्दा बढी बाहुल्यता राय र यादव जातिको रहेको छ । त्यस्तै गरी नेपाली भाषा बोल्ने तर्फ १९ जना रहेका छन् यि उत्तरदाता भित्र पहाड् ब्राम्हण, क्षेत्री तथा माझी समुदायका पर्दछन् यि समुदायको बाहुल्यता यस अध्ययन क्षेत्रमा अत्यन्तै कम छ भने त्यस्तै गरी नेवारी भाषा बोल्ने ३ जना हुनुले यस क्षेत्रमा नेवार जातिका बस्ती एकदम कम छ । यस तालिका बाट अर्को कुरा के पनि प्रष्ट हुन्छ भने यस अध्ययन क्षेत्रका मानिसहरू आ-आफ्नो मातृभाषा बोल्ने गर्दछन् तर एक अर्काको भाषा भने जानेका त हुन्छन् । तर आ-आफ्नो घरमा बाहेका अन्य, विद्यालय, सरकारी कार्यालयहरूमा भने ति मधेसी समुदायका राय, यादव तथा ब्राम्हण तथा जातिका मानिसहरूले नपाली भाषा नै बोल्नु पर्ने बाध्यताले गर्दा राम्रो सँग बोल्न जाने पनि नजाने पनि बोल्ने गरेको पाइन्छ तर पहाडे समुदायका मानिसले मधेसी, मैथिली तथा नेवारी भाषा एउटै समुदायमा बस्दै जाँदा जानेको भएता पनि मातृभाषाको रूपमा बोल्ने गरेको पाइदैन । यसबाट के स्पष्ट हुन्छ मधेसी समुदायका तथा नेवारी समुदायका मानिसहरूलाई नेपाली भाषा जनुपर्ने बाध्यता छ भने पहाडे समुदायका मानिसहरूलाई त्यो बाध्यता छैन ।

## ४.३ शैक्षिक अवस्था

महिलाका परिवारको शैक्षिक अवस्था खासै सन्तोषजनक रहेको छैन त्यसमा पनि पुरुष र महिला बीच यो दुरी निकै फराकिलो रहेको छ । यहाँका महिलाहरू पुरुषको तुलनामा पिछडिएको पाइयो । पुरै सर्लाही जिल्लाको साक्षरताको अवस्थालाई हेर्दा २०५८ सालको जनगणना अनुसार पुरुष ४६.८६ प्रतिशत र महिला २५.३६ प्रतिशत तथा प्रौढ साक्षरता महिला र पुरुष दुवैको ३०.७ प्रतिशत छ । जुन कुरा प्रस्तुत तालिकाबाट पनि प्रष्ट हुन्छ ।

तालिका नं. ४.८

**महिलाका परिवारको शैक्षिक तथा साक्षरता स्थिति**

| लिङ्ग | साक्षर | | निराक्षर | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| महिला | ७७ | ५२.३८ | ७० | ४७.६१ | १४७ | ५५.८९ |
| पुरुष | ८४ | ७२.४१ | ३२ | २७.५८ | ११६ | ४४.१० |
| जम्मा | १६७ | ६३.४९ | ९६ | ३६.५० | २६३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका नं. ४.८ अनुसार महिलाका यी परिवारमा ५ वर्ष माथिका पुरुष ८४ साक्षर र ३२ जना मात्र निरक्षर रहेका छन् भने महिलाहरू ७७ जना साक्षर र बाँकी ७० निरक्षर रहेका छन् । यहाँ पुरुष आफ्नो ५ वर्ष माथिको जनसंख्याको ७२.४१ प्रतिशत साक्षर रहेका छन् भने २७.५८ प्रतिशत मात्र निरक्षर रहेका छन् तर महिलाहरू उनीहरूकै जनसंख्याको ५२.३८ प्रतिशत साक्षर र ४७.६१ प्रतिशत निरक्षर रहेका छन् । यहाँ हेर्दा महिला भन्दा पुरुष नै बढी साक्षर देखिन्छ । हुनत महिलाको साक्षरता स्थिति पनि केन्द्रिय तथ्याङ्कको तुलनामा त निकै सुदृढ रहेको छ । तर यहाँको पुरुषको तुलनामा कम देखिन्छ । महिला तथा पुरुष बिचको शैक्षिक स्तरमा कति ठूलो फरक छ जुन शिक्षाको माथिल्लो तहसँगै फरक बढ्दो छ । किनकि यसो हुनुको  प्रमुख कारण अध्ययन क्षेत्रमा साक्षर बढी छन् जुन सामान्य लेखपढ मात्र गर्न सक्दछन् तथा विद्यालय स्तरको शिक्षा भने कमैले लिएका छन् । भर्ना भएका पनि बिचैमा कक्षा छोड्ने् गरेको पाईयो । जसले गर्दा महिलाले शिक्षाको सहि सदुपयोग गर्न भने सकेका छैनन् । जुन कुरा तल प्रस्तुत गरिएको तालिकाबाट पनि सहजै अनुमान लगाउन सकिन्छ ।

### ४.३.१ छनौट भएका परिवारका सदस्यहरूको तहगत शैक्षिक अवस्था

प्रस्तुत यस अध्यायमा छनौट भएका परिवारका सदस्यहरूको तहगत शैक्षिक अवस्था (५ वर्ष माथि) का प्रस्तुत गरिएको छ सामान्यतया : ५ वर्ष माथिको जनसंख्या साक्षर रहने सम्भावना रहन्छ ।

## तालिका नं. ४.९

### छनौट भएका परिवारका सदस्यहरूको तहगत शैक्षिक अवस्था (५ वर्ष माथि)

| शैक्षिक अवस्था | महिला | | पुरुष | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| निरक्षर (लेखपढ गर्न नसक्ने) | ७० | ४७.६१ | ३२ | २७.५८ | १०२ | ३८.७८ |
| सामान्य लेखपढ गर्न सक्ने | ७ | ४.७६ | १५ | १२.९३ | २२ | ८.३६ |
| प्राथमिक तह | ३४ | ३३.१२ | ३५ | ३०.१७ | ६९ | २६.२३ |
| निम्न माध्यमिक तह | २४ | १६.३२ | १८ | १५.५१ | ४२ | १५.९६ |
| माध्यमिक तह | १० | ६.८० | ११ | ९.४८ | २१ | ७.९८ |
| एस.एल.सी. उत्तीर्ण | १ | ०.६८ | ३ | २.५८ | ४ | १.५२ |
| प्रमाणपत्र तह उत्तीर्ण | १ | ०.६८ | १ | ०.८६ | २ | ०.७६ |
| स्नातक तह उत्तीर्ण | – | – | १ | ०.८६ | १ | ०.३८ |
| | १४७ | १०० | ११६ | १०० | २६३ | १०० |

ञ्ञ। स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका नं ४.९ अनुसार सम्पूर्ण ५ वर्ष माथिको महिला जनसंख्याको ४७.६१ प्रतिशत निरक्षर रहेका छन् भने सम्पूर्ण ५ वर्ष माथिको पुरुष जनसंख्याको २७.५८ प्रतिशत निरक्षर रहेका छन् भने सम्पूर्ण ५ वर्ष माथिको पुरुष जनसंख्याको २७.५८ प्रतिशत निरक्षर रहेका छन् भने सामान्य लेखपढ गर्न सक्ने २.७२ महिला तथा ५.१७ प्रतिशत पुरुष रहेका छन् । त्यसैगरी पढ्न मात्र सक्ने महिला २.०४ प्रतिशत र ७.७५ प्रतिशत पुरुष रहेका छन् भने प्राथमिक तहका ३३.१२ प्रतिशत महिला रहेका छन् भने ३०.१७ प्रतिशत पुरुषहरू रहेका छन् । १६.३२ प्रतिशत महिला निम्न माध्यमिक तह र १५.५१ प्रतिशत पुरुष रहेका छन् भने माध्यमिक तहका ६.८० प्रतिशत महिला र ९.४८ प्रतिशत पुरुष रहेका छन् । त्यस्तै गरी एस.एल.सी. उत्तीर्ण ०.६८ प्रतिशत महिला र २.५८ प्रतिशत पुरुष रहेका छन् । ०.६८ प्रतिशत र ०.८६ प्रतिशत पुरुष रहेका छन् । साथै स्नातक तह उत्तीर्ण १ जना मात्र पुरुष ०.८६ प्रतिशत रहेका छन् । तालिकामा महिलाको परिवारको सम्पूर्ण महिला

जनसंख्याको ७० जना निरक्षर छन् भने ३२ जना पुरुष निरक्षर रहेका छन् यसबाट के स्पष्ट हुन्छ भने पुरुष जनसंख्याको आधा भन्दा बढी महिला निरक्षर छन् यसो हुनुको प्रमुख कारण छोरी वा बुहारीहरूलाई पढाउनु हुदैन उनीहरू भनेको चुलो चौका, बालबालिकाहरूको स्याहारसुसार तथा खेतिपाति गर्ने काममा हुनुपर्दछ भन्ने मानसिकता यहाँका मानिसहरूको छ भने कुनै परिवारमा आर्थिक अवस्था कमजोर भएको कारण घर तथा खेतको काम गर्ने ज्यालामजदुरी गर्नुपर्ने बाध्यताले गर्दा विद्यालय उमेरका महिलाहरू पनि कक्षा छोड्न बाध्य भएकाले गर्दा पनि निरक्षर महिलाहरूको संख्या बढ्दै गएको छ । भने पुरुष ३२ जना मात्र निरक्षर हुनुमा छोरालाई पढाएमा बुहारीले दाइजो धेरै लिएर आउँछन्, छोरा आफू सँग वस्दछन्, छोराले कमाएको आय-आर्जन उपयोग गर्न पाइन्छ भन्ने मानसिकताको विकास यस क्षेत्रका मानिसहरूमा रहेको छ । त्यस्तै गरी एस.एल.सी. उतिर्ण १ महिला र ३ पुरुष हुनुबाट के स्पष्ट हुन्छ भने यहाँ का मानिसहरूको छोरीलाई पढाउनु हुदैन अर्काको घरजाने जात हो धेरै पढेर के हुन्छ र ? भन्ने मानसिकताले गर्दा पनि शैक्षिक स्तरको तह बढ्दै जाँदा महिलाहरूको संख्या कमश घढ्दै गएको यस तालिका बाट स्पष्ट देखिन्छ, यसो हुनुको प्रमुख कारण भाषागत समस्या, आर्थिक समस्या, परम्परागत, सोचाई आदि प्रमुख रहेको छ ।

### ४.४ पेशागत अवश्था

नेपाल एक कृषि प्रधान देश हो । त्यसमा पनि अध्ययन क्षेत्र तराई जिल्लामा पर्ने भएकोले झन यस ठाउँका मानिसहरूको पेशा कृषि नै देखिन्छ । जुन तथ्य बरहथवा गा. वि. स. भित्रका ५३ घरधुरीमा गरिएको सर्वेक्षण बाट प्रष्ट हुन्छ । जसका लागी पेशालाई ४ तहमा विभाजन गरि तलको तालिकामा तथ्यांक प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.१०**

**पेशा अनुसार महिलाको परिवारको जनसांखिक विवरण**

| पेशा | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ११३ | ७१.०६ |
| व्यापार | ४४ | २७.६७ |
| नोकरी | २ | १.२५ |
| ज्याला मजदुरी | १२ | ७.०१ |
| जम्मा | १७१ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण २०६८ ।

तालिका नं. ४.१० अनुसार कूल जनसंख्या १७१ मध्ये ११३ जना (७१.०६ %) व्यक्तिहरू कृषिमा संलग्न रहेका छन् । भने ४४ जना वा (२७.६७ %) मानिसहरू व्यापार गर्दछन् भने त्यसैगरी १२ जना (२७.६७ %) ज्यालामजदुरी गर्दछन् भने २ जना (१.२५ %) नोकरी गर्दछन् । यस तालिकामा १० वर्ष भन्दा माथिका उमेर समूहका सदस्यहरूको पेशालाई मात्र प्रस्तुत गरिएको छ । साथै जो विद्यार्थी छन् उनीहरूको प्रत्यक्ष आम्दानी नहुने भएकोले पनि उनिहरूलाई समावेश गरिएको छैन त्यस्तै गरी ६१ वर्ष भन्दा माथि उमेरका बृद्धाहरू छन् । उनीहरूको प्रत्यक्ष आम्दानी नहुने भएकोले पनि उनिहरूलाई पनि समावेश गरिएको छैन । महिलाका परिवारमा कृषिमा संलग्न जनसंख्या सर्वाधिक देख्न सकिन्छ, जुन अन्य पेशाको तुलनामा धेरै कम देखिन्छ यस बाट के स्पष्ट हुन्छ भने यस अध्ययन क्षेत्रका मानिसहरू जो कृषि पेशामा संलग्न छन् उनीहरू आफ्नो परम्परादेखि चल्दै आएको कृषि पेशालाई अपनाउन बाध्य छन् किनभने उनीहरू धेरै थोरै जतिभए पनि आफु सँग भएको जमिनमा कृषि उत्पादन गरी जिविकोपार्जन गर्न बाध्य छन् । भने कतिपय विद्यालय उमेरका बालबालिकाहरूपनि खेतमा कामगर्ने मानिसको अभावका कारण पनि पढाइलाई बीचमै छोडी कृषि पेशा अपनाउन बाध्य भएकाले गर्दा पनि यस अध्ययन क्षेत्रमा कृषि पेशा अपनाउने मानिसहरू को संख्या अत्ययाधिक रहन गएको हो । त्यस्तै गरी व्यापार पेशा गर्ने ४४ जना मध्ये केहि आंशिक रूपमा कृषि पेशामा पनि संलग्न रहेका छन् । यिनीहरू पनि आंशिक रूपमा कृषि पेशामा संलग्न रहेका छन् भने त्यस्तैगरी ज्याला मजदुरी पेशा

गर्नेहरूको आर्थिक स्थिति एकदमै कमजोर छ यिनीहरू आफु सँग भएको जमिनबाट जिविकोपार्जन गर्न नसक्ने स्थितिमा रहेका छन् । यसरी हेर्दा यस अध्ययन क्षेत्रको प्रमुख पेशा नै कृषि हो ।

# अध्याय पाँच

# महिलाको शैक्षिक अवस्था

यस अध्याय अन्तर्गत बरहथवा गा.वि.स. वडा नं. ८ मा बस्ने छनौट हुन आएका ५३ घर परिवारमा महिलाको शैक्षिक अवस्था तथा महिलाशिक्षालाई प्रभावित गर्ने प्रमुख जिम्मेवार तत्वहरू जस्ता कुराहरूको विश्लेषण गरिएको छ ।

## ५.१ अध्ययन क्षेत्रका महिलाको शैक्षिक अवस्था

समाज परिवर्तनको एक मुख्य मेरुदण्डहरूमध्ये शिक्षा पनि एक हो । मानिसको चेतना स्तरमा वृद्धि हुनु भनेको शिक्षा वा ज्ञानको प्राप्ती नै हो । सामाजिक जिवनलाई सहज बनाउन व्यक्ति तथा समाजमा र अन्य समाजसम्म अन्तरक्रिया गर्न विभिन्न खाले स्रोतहरूको परिचालन गर्न शिक्षाले ठूलो भूमीका खेलेको हुन्छ । शिक्षा भने कुनै दैवि वा अदृश्य शक्तीबाट बनेको वा सिर्जना भएको हुँदैन । यो त केवल सामाजिक सदस्यहरूको चिन्तन मनन, जीवन भोगाई र समाजको सुक्ष्म अध्ययनको परिणाम हो । कुनै पनि समाजको समुदायको जीवनशैली कस्तो छ ? भन्ने वितिकै त्यहाँका सदस्यहरूको शैक्षिकस्तर खोजिन्छ । त्यसैले विकसीत वा अल्पविकसित समाजको मापदण्डको रूपमा शिक्षालाई लिने गरिएको छ । झन महिलालाई पुरुष सरह समाजमा स्थापित गराउन मुख्यतया उनीहरूको शिक्षालाई जोड दिनुपर्दछ ।

नमूना चयन भएका ५३ परिवारबाट छनौट हुन आएका सम्पूर्ण महिलाहरुको शैक्षिक अवस्थालाई मात्र यहाँ चर्चा गरिएको छ ।

**तालिका नं. ५.१**

**उत्तरदाताहरूको शैक्षिक अवस्थाको विवरण**

| शैक्षिक अवस्था | संख्या | प्रतिशत |
|---|---|---|
| लेखपढ गर्ननसक्ने | २३ | ४३.३९ |
| लेखपढ दुवै गर्न सक्ने | ३० | ५६.६० |
| जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका ५.१ अनुसार छनौट भएका ५३ महिलाहरूमध्ये २३ महिलाहरू निरक्षर वा लेखपढ दुवै गर्न सक्दैनन् भने त्यस्तैगरी सम्पूर्ण महिलाहरू मध्ये ३० जना वा ५६.६० प्रतिशत सांक्षर महिलाहरू साक्षर अवस्थामा रहेका छन् । भने यिनीहरूले सम्पूर्ण महिलाको ५२.८३ प्रतिशत स्थान ओगट्दछन् । यस बाट के देखिन्छ भने महिला मध्ये निरक्षर र साक्षर महिलाहरू भन्दा धेरै नै बढि देखिन्छन् । यसरी निरक्षरहरूको संख्या बढ्नु भनेको उक्त क्षेत्रका महिलाहरू अझ पनि चुलोचौका, खेतबारी, बच्चाको हेरचाह आदिमा नै समिति हुनु हो । जसले गर्दा महिलाहरूको स्तर माथि उठ्न नसकेको हो ।

## ५.२ विवाह र महिलाहरूको शैक्षिक अवस्था

विवाह महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रूपमा रहेको छ । सामानयतया चाडो उमेरमा विवाह गर्ने र विवाहित महिलालाई नपढाउने परिपाटीको कारणले यहाँका महिलाहरूको शैक्षिक स्तरलाई नराम्रो गरी प्रभावित गरेको देखिन्छ । वर्तमान समयमा महिलाहरू अध्ययनमा संलग्न रहने गरेको देखिएता पनि वास्तवमा यस्तो संलग्नतालाई विवाहले रोक लगाउने गरेको छ । यहाँको समाजमा शिक्षालाई केवल विवाहको निमित्त आवश्यक योग्यताका आधारमा समेत लिने गरेको पाइन्छ । साथै बुहारीले पढ्न नहुने मान्यता रहेको यस समाजमा विवाहित महिलाले पढाईलाई महत्व नदिईने भएको कारणले गर्दा पनि विवाह महिला शिक्षालाई प्रभावित गर्ने महत्वपूर्ण तत्वको रूपमा रहेको छ ।

अनुसन्धानको क्रममा विवाहित महिलाले पढाइलाई निरन्तरता दिनुपर्छ वा पर्दैन भन्ने प्रश्न महिलाहरूको सामु राखिएको थियो । उक्त प्रश्नमा महिलाको धारणा निम्न तालिका ५.२ अनुसारको रहेको छ ।

तलिका नं ५.२

विवाह पछाडि महिलाले पढ्न पाउनुपर्ने/नपर्ने आधारमा महिलाहरूको विवरण

| पढ्नपर्नें /नपर्ने | उत्तरदाता संख्या | प्रतिशत |
|---|---|---|
| पर्छ | ४० | ७५.४७ |
| पर्दैन | १३ | २४.५२ |
| जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

तलिका नं ५.२ अनुसार विवाहित महिला शिक्षाप्रतिको धारणा स्वयं महिलाहरूको पनि पूर्ण रूपमा सकारात्मक रहन सकेको छैन । विवाह पछाडी पनि महिलाहरूले निरन्तर रूपमा पढ्न पाउनुपर्छ भन्ने ४० जना अर्थात ७५.४७ प्रतिशत महिलाहरू रहेका भए पनि व्यवहारमा त्यस्तो देखिएको छैन । १३ जना अर्थात २४.५२ प्रतिशत महिला महिलाहरूले त पढ्नु नपर्ने धारणा समेत राखेका छन् । माथि उल्लेखित पढ्न पाउनुपर्छ भन्ने अधिकांश महिलाहरू स्वयं निरक्षर छन् र आफ्ना बुहारी तथा छोरीहरूलाई पनि पढ्ने वातावरण मिलाई दिन नसकि बिचमै कक्षा छाड्न बाध्य छन् भने केही शिक्षीत महिलाहरू स्वयं आफु परिवारको सहयोग नपाई बिचमा पढाई छोडेका तथा विवाह पश्चात पढ्न नपाएका छन् ।

## ५.३ परिवारको आयस्रोत र महिलाको शैक्षिक अवस्था

आर्थिक अवस्था कमजोर भएका परिवारमा अधिकांश समय काममा लाग्नुपर्ने बाध्यता रहेको यहाँका समाजमा गरिबीले शैक्षिक क्षेत्रलाई पनि नराम्रो गरि गाँजेको छ । पेशागत रूपमा अनुसन्धानमा छनौट भएका परिवारको प्रमुख पेशाा कृषि नै भएको देखिन्छ । त्यसैले यस अध्ययनमा परिवारको आयस्रोत र महिलाको शैक्षिक अवस्था निम्नानुसार उल्लेख गरिन्छ ।

## तालिका नं. ५.३

## परिवारको आयस्रोत र महिलाको शैक्षिक अवस्था

| आयस्रोत | लेखपढ गर्न नसक्ने | पढ्न मात्र सक्ने | सामान्य लेखपढ गर्न सक्ने | प्राथमिक तह | नि.मा.वि.तह | मा.वि.तह | एस.एल.सी. उतिर्ण | प्रमाणपत्र उतिर्ण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| कृषि | १४ | ३ | १ | ६ | ५ | ३ | १ | – | ३३ |
| व्यापार | ४ | – | १ | ५ | २ | १ | – | – | १३ |
| ज्याला मजदुरी | ५ | – | – | १ | – | – | – | – | ६ |
| नोकरी | – | – | – | – | – | – | – | १ | १ |
| जम्मा | २३ | ३ | २ | १२ | ७ | ४ | १ | १ | ५३ |

स्रोत : स्थलगत अध्ययन २०६८

तालिका नं. ५.३ अनुसार नोकरी आयस्रोत भएका परिवारका महिलाहरूको शैक्षिक अवस्था अन्य आयस्रोत भएका परिवारका महिलाहरूको तुलनामा बढी सुदृढ देखिन्छ । नोकरी प्रमुख आयस्रोत हुने १ जना महिला रहेका छन् । जसले प्रमाणपत्र तह उत्तिर्ण गरेकी छिन् १जना मात्र नोकरी पेशा गर्नुको मुख्य कारण बुहारीलाई घरधन्दामा मात्र सिमित राख्नु पर्दछ भन्ने त्यहाँका पुरुष तथा महिलाको सोचाइले गर्दा हो । त्यस्तैगरी ज्याला मजदुरी पेशा गर्ने ६ जना महिला मध्ये ५ जना लेखपढ गर्न नसक्ने र १ जना प्राथमिक तह पूरा गरेको पाइयो । त्यस्तै गरी व्यापार पेशा गर्ने परिवारका जम्मा १३ जना महिलाहरू मध्ये ४ जना लेखपढ गर्न नसक्ने तथा १ जना सामान्य लेखपढ गर्न सक्ने र ५ जना प्राथमिक तह पुरा गरेका तथा २ जना नि.मा.वि. तहका र १ जना मा.वि. तहको पाइयो ।

त्यस्तै गरी कृषि आयस्रोत भएका परिवारका ३३ जना महिलाहरू मध्ये १४ जना लेखपढ गर्न नसक्ने ३ जना पढ्न मात्र सक्ने, त्यस्तैगरी १ जना सामान्य लेखपढ गर्न सक्ने, ६ जना प्राथमिक तहका, ५ जना नि.मा.वि. तहका, ३ जना मा.वि. तहका, १जना एस.एल.सी. उत्तिर्ण पाईयो ।

यसरी हेर्दा कृषि आयस्रोत भएका सबैभन्दा बढी निरक्षर पाइयो किनभने उक्त क्षेत्रका धेरै जसो मानिसहरू कृषि पेशामा संलग्न रहेका छन् र छोरी बुहारी लाई विद्यालय पठाएमा खेतमा काम गर्ने मानिसको अभाव हुनगई जिविकोपार्जनमा समस्या उत्पन्न हुने हुदाँ पनि कृषि आयस्रोत भएका परिवारका महिलाहरू छिटो कक्षा छाड्ने तथा कसैलाई त पढाउँदा नी नपढाउँने हुँदा बढी निरक्षर भएका हुन् ।

## ५.४ समाजमा महिलाप्रतिको गलत धारणा

महिलाप्रति समाजले हुर्काएका गलत धारणाहरूले गर्दा समाजका सदस्यको रूपमा रहेका महिलाहरूलाई पनि प्रभाव नपार्ने कुरा नै भएन । वर्तमानमा छोरीलाई पढाउने प्रचलनको विकास हुँदै गए पनि विवाहित महिलाको हकमा भने अझै यहाँको समाज विरोधी नै रहेको छ । अनुसन्धानको क्रममा अध्ययनमा पुरुष र महिलाप्रति समान दृष्टिकोण राख्ने महिलाहरूको पनि व्यवहारको अवलोकन गर्दा महिलाप्रति  उपेक्षित धारणा नै पालेर बसेको देखिएको छ ।

### ५.४.१ महिलाले पढ्नु आवश्यक भए/नभएको आधारमा महिलाहरूको विवरण

अनुसन्धानको क्रममा महिला शिक्षाप्रतिको महिलाको धारणा बुझी महिला शिक्षालाई प्रभावित गर्ने कारक तत्वको पहिचान गर्नको निमित्त के तपाईको विचारमा महिलाले पढ्नु आवश्यक छ ? भन्ने प्रश्न सोधिएको थियो । उक्त प्रश्नको उत्तर दिने महिलाहरूको उत्तरका आधारमा निम्नानुसार विभाजन गरिएको छ ।

**तालिका नं ५.४**

**महिलाले पढ्नु आवश्यक भए/नभएको आधारमा महिलाहरूको विवरण**

| सूचक | महिला संख्या | प्रतिशत |
|---|---|---|
| आवश्यक छ | ५० | ९४.३४ |
| आवश्यक छैन | ३ | ५.६६ |
| जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका नं ५.४ अनुसार अधिक महिलाहरूले महिलाले पढ्न आवश्यक भएको बताएका छन् । कूल ५० जना उत्तरदाताहरू महिला शिक्षाको पक्षमा रहेका माथिको

तालिकाले देखाएको छ । जुन संख्या सम्पूर्ण महिलासंख्याका ९४.३४ प्रतिशत हुन आउँछ । ३ महिलाहरू अझै पनि महिला शिक्षाको विरुद्धमा देखिन्छन्, जसले सम्पूर्ण उत्तरदाता संख्याको ५.६६ प्रतिशत स्थान ओगटेका छन् ।

वास्तवमा महिलालाई शिक्षा दिनु आवश्यक छ भन्ने तर्कहरू उक्ति मान्न सकिन्छ तर उक्त तर्क अनुरूपको व्यवहार भने स्वयं महिलाको परिवारमा समेत देखिएको छैन ।

### ५.४.२ महिलाले किन पढ्नुपर्छ भन्ने सम्बन्धमा महिलाहरूको धारणा

अनुसन्धानको क्रममा महिलाले किन पढ्नुपर्छ ? भन्ने प्रश्न महिलाको सामू राखिएको थियो । जसको सम्बन्ध महिलाहरूको धारणा यस्तो रहेको छ ।

**तलिका नं ५.५**

**महिलाले किन पढ्नुपर्छ भन्ने सम्बन्धमा महिलाहरूको धारणा**

| पढ्नुपर्ने/नपर्ने | महिला संख्या | प्रतिशत |
|---|---|---|
| आत्मनिर्भर बन्न | ११ | २०.७५ |
| परिवार शिक्षित बनाउन | १० | १८.८६ |
| विवाह गर्न | २० | ३७.७३ |
| माथिका सबै | १० | १८.८६ |
| जान्ने बुझ्ने हुन | १ | १.८८ |
| पैसा कमाउन | १ | १.८८ |
| जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका नं ५.५ अनुसार ११ जना वा २०.७५ प्रतिशत महिलाहरूले आत्मनिर्भर बन्नको निमित्त वा महिलाले पढ्नु पर्ने धारणा राखेका छन् भने १० जना वा १८.८६ प्रतिशतले परिवार शिक्षित बनाउन महिलाले पढ्नुपर्ने बताएका छन् । विवाह गर्नको निमित्त मात्र महिलाले पढ्नु पर्ने धारणा २० जना वा ३७.७३ प्रतिशत महिला रहेका छन् । महिलाले पढ्नुपर्ने माथिका सबै कारणको निमित्त आवश्यक भएको १० जना वा

१८.८६ प्रतिशत महिला रहेका छन् भने जान्ने बुझ्ने हुन पढ्नुपर्ने र पैसा कमाउन पढ्नुपर्ने धारणा १/१ जना वा १.८८/१.८८ प्रतिशत महिलाले राखेका छन् ।

### ५.४.३ विवाह पछाडी महिलाले पढ्नुपर्ने नपर्ने आधारमा महिलाहरूको विवरण

अनुसन्धानका क्रममा विवाह पछाडी महिलाले पढाईलाई निरन्तरता दिनुपर्छ कि पर्दैन भन्ने सवालमा महिलाहरूको धारणा बुझिएको थियो । जसको विवरण निम्न तालिका अनुसार रहेको छ ।

**तालिका नं ५.६**

**विवाह पछाडी महिलाले पढ्नुपर्ने नपर्ने आधारमा महिलाहरूको विवरण**

| विवाह पछाडि महिलाले पढ्नुपर्ने/नपर्ने | महिला संख्या | प्रतिशत |
|---|---|---|
| अध्ययनलाई निरन्तरता दिनुपर्छ | ४२ | ७९.२५ |
| अध्ययनलाई निरन्तरता दिनुपर्दैन | ११ | २०.७९ |
| जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत अध्यन, २०६८

तालिका नं ५.६ अनुसार ११ जना वा (२०.७९%) महिलाहरूले विवाह पछाडि पनि महिलाले अध्ययनलाई निरन्तरता दिननुपर्ने धारणा राखेका छन् भने ४२ जना वा ७९.२५ प्रतिशत महिला महिलाले विवाह पछाडि अध्ययनमा निरन्तरता दिनु नपर्ने धारणा राखेका छन् । विवाह पछाडि किन महिलाले पढाइलाई निरन्तरता दिनुपर्छ त ? भन्ने सवालमा ४२ जना महिलाहरूले परिवारमा शैक्षिक वातावरणको सृजना गरी परिवारको सुधार गर्न, जागिर खाएर अर्थोपार्जन गर्न, घर व्यवहार गर्न जान्ने हुन, स्वतन्त्र भई बाँच्न, उच्च शिक्षा हासिल गर्न, पढ्न पाउनु विाहित महिलाको अधिकार हो आदि जस्ता तर्कहरू अघि सारेका छन् भने ११ जना महिलाहरूले विवाह पछाडि महिलाले पढ्नु पर्दैन भन्ने तर्क राखेका छन् ती महिलाहरूले विवाह पछाडी पढ्नु हुँदैन, बच्चा हेर्नुपर्दछ, घरको काम गर्नुपर्दछ, विवाह पछाडी महिलाले किताब कपि च्यापेर हिड्न सुहाउँदैन, विवाहित महिलाले पढाइ तर्फ दिमाग लगाउन सक्दैनन, किनकी अब उसमा व्यवहारिक चिन्ता बढी हुन्छ आदि जस्ता कारणहरू पेश गरेका छन् । विभिन्न विश्लेषणको आधारमा के देखिएको छ भने समाजमा

स्वयं महिला समेत महिला शिक्षाको पक्षमा पूर्ण रूपमा सकारात्मक रहेका छैनन् । यस किसिमको धारणाले महिलाको शिक्षामा प्रथम सहभागिता अनि निरन्तरतामा आँच आएको छ ।

### ५.४.४ महिलालाई पढाउादा परिवारमा समस्या देखिए/नदेखिएको आधारमा महिलाहरूको विवरण

अनुसन्धानका क्रममा महिलालाई पढाउँदा परिवारमा विभिन्न समस्याहरू आइपरेको महसुस गरिन्छ । त्यसैले समस्या देखिने गरेको वा नदेखिने गरेको समस्याको आधारमा यहाँ महिलाको विभाजन निम्नानुसार गरिएको छ ।

**तलिका नं ५.७**

**महिलालाई पढाउँदा परिवारमा समस्या देखिए/नदेखिएको आधारमा महिलाहरूको विवरण**

| सूचक | महिला संख्या | प्रतिशत |
|---|---|---|
| समस्या देखिएका छन् | ३३ | ६२.२६ |
| समस्या देखिएका छैनन् | २० | ३७.७४ |
| जम्मा | ५३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका नं. ५.७ अनुसार महिलालाई पढाउँदा परिवारमा समस्या देखिएको परिवारका ३३ जना वा ६२.२६ प्रतिशत महिलाहरू रहेका छन भने महिलालाई पढाउँदा समस्या नदेखिएका परिवारका महिलाहरू २० जना वा ३७.६४ प्रतिशत रहेका छन् । वास्तवमा पुरुष लाई पढाउदा चाँहि समस्या नदेखिने महिलालाई पढाउँदा भने समस्या देखिने यहाँको परिपाटीले महिला शिक्षालाई नराम्रो गरी पिरोलेको छ । यस्ता समस्या महिलालाई पढ्न पठाउँदा परिवारले त महसुस गरेकै छन् पढ्ने महिला स्वयंले पनि आफू पढ्न जाँदा धेरै समस्या भेल्नु परेको छ । परिवारमा देखिएका त्यस्ता समस्याहरू घरमा काम गर्न मानिसको अभाव, परिवारको खर्च मात्र बढ्ने उपलब्धी केहि नहुने, खर्चको अभाव हुने, घरमा आयआर्जन गर्ने मानिसको अभाव हुने, कतिपय महिलाहरू पढ्न जान नै नमान्ने समस्या, छोरी पढेर केही फाइदा नहुने सामाजिक मान्यताका कारण समाजले खिसी गर्ने आदि प्रमुख रहेको धारणा महिलाहरूले राखेका छन् ।

### ५.४.५ महिला पुरुषलाई शिक्षामा समान अवसर र सुविधा दिनुपर्ने/नपर्ने आधारमा महिलाको विवरण

अनुसन्धानका क्रममा महिला पुरुषलाई शिक्षामा समान अवसर र सुविधा दिनुपर्ने/नपर्ने भन्ने प्रश्न राखिएको आधारमा महिलाको निम्नानुसार विवरण गरिएको छ ।

**तालिका नं. ५.८**

**समान अवसर र सुविधा दिनुपर्ने/नपर्ने आधारमा महिलाको विवरण**

| सूचक | अवसर | | सुविधा | |
|---|---|---|---|---|
| | महिला संख्या | प्रतिशत | महिला संख्या | प्रतिशत |
| बराबर | ३३ | ६२.२७ | २६ | ४९.०६ |
| पुरुषलाई बढी | १८ | ३३.९६ | २५ | ४७.१७ |
| महिलालाई बढी | २ | ३.७७ | २ | ३.७७ |
| जम्मा | ५३ | १०० | ५३ | १०० |

स्रोत : स्थलगत अध्ययन, २०६८

तालिका नं ५.८ अनुसार ३३ जना ६२.२७ प्रतिशत महिलाले महिला र पुरुषलाई समान अवसर दिनुपर्ने धारणा राखेका छन् । जसलाई सकारात्मक मान्नुपर्छ तर १८ जना वा ३३.९६ प्रतिशत महिलाहरूले पुरुषलाई बढी अवसर दिनुपर्दछ भन्ने धारणा राखे । उनीहरूले महिलाहरू घरायसी काममा नै व्यस्त हुने र शिक्षाको कुनै प्रयोग नगर्ने हुँदा समान अवसर दिन नहुने पक्षमा आफ्नो मत जाहेर गरेका छन । २ जना वा ३.७७ प्रतिशत महिलाहरूले त पुरुषलाई भन्दा महिलालाई बढी अवसर दिनुपर्ने धारणा सम्म राखेको पाईन्छ । ती महिलाहरूले पुरुषको तुलनामा महिलाले आर्जन गरेको शिक्षाले परिवार र समाजलाई उपयोगी हुनेहुनाले उनीहरूलाई बढी अवसर दिनुपर्ने ठानेका छन् । पुरुषलाई बढी अवसर दिनपर्दछ भन्ने धारणा राख्ने महिलाहरू निरक्षर शैक्षक योग्यता भएका छन् ।

त्यस्तै गरी शिक्षामा महिला र पुरुषलाई समान सुविधा दिनुपर्छ भन्ने २६ उत्तरदाता महिलाहरू वा ४९.०६ प्रतिशत रहेका बढी महिलाहरू समानताको विपक्षमा रहेका छन् । पुरुषलाई बढी सुविधा दिनुपर्दछ भन्ने २५ जना वा ४७.१७ प्रतिशत महिलाको धारणा रहेको छ भने २ जना वा (३.३७%) महिला महिलाहरू महिलालाई बढी सुविधा दिनुपर्ने धारणा राख्दछन् । महिला शिक्षित भएमा परिवार समेत शिक्षित हुने यी महिलाहरूको धारणा रहेको छ । पुरुषलाइ बढी सुविधा दिनुपर्ने धारणा राख्ने महिलाहरूको शैक्षिक अवस्था लेखपढ गर्न नसक्ने देखि माध्यमिक तहसम्मको रहेको छ । महिलालाई जति लगानी गरेपनि त्यसले उसको माइतीमा कुनै फाइदा नपुऱ्याउने हुँदा यस्तो निरर्थक लगानी गर्नु नहुने उनीहरूको धारणा रहेको छ ।

# अध्याय छ

# सारांस, निष्कर्ष तथा सुझावहरू

अनुसन्धानको निमित्त चयन गरिएको सर्लाही जिल्ला, बरहथवा गा.वि.स.को “महिलाहरूको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्था” नामक विषयमा एक समाज शास्त्रीय अध्ययन गरिएको छ। यस गहन अध्ययन, स्थलगत सर्वेक्षण तथा विभिन्न तथ्याङ्क अनि सूचनाहरूको ब्याख्या, विश्लेषण र परीक्षण बाट प्राप्त हुन आएका तथ्यहरूको सारांश एवं निष्कर्ष यस अध्यायमा गरिएको छ।

## ६.१ सारांस

यस अनुसन्धानमा अध्ययन क्षेत्रका महिलाको आर्थिक, सामाजिक तथा शैक्षिक अवस्था बुझ्ने, महिला शिक्षालाई प्रभावित गर्ने समाजमा विद्यमान तत्वहरूको पहिचान गर्ने र महिलाहरुको शैक्षिक पक्षप्रतिको धारणा पत्ता लगाउने विशिष्ट उद्देश्यहरु रहेका छन्।

अनुसन्धानका वर्णनात्मक, अन्वेषणात्मक ढाचाँमा गरिएको यस अनुसन्धानको अध्ययन क्षेत्र सर्लाही जिल्लाको बरहथवा गा.वि.स. मा अवस्थित ९ वटा वडाहरूमध्ये बाट गोलाप्रथा गरी बिधिको प्रयोग गरी वडा नं. ८ लाई छानिएको छ। उक्त वडा नं. ८ मा रहेका जम्मा ३७४ घरधुरीहरू मध्ये बाट फेरी गोलाप्रथा बिधिकै प्रयोग गरी ५३ घरधुरीका परिवारका महिलालाई नमूनाको रूपमा चयन गरिएको छ। उक्त छनौट हुन आएका प्रत्येक पारिवारलाई नमूनाको रूपमा छनौट  गरिएको छ। भने नमूना चयनको तेस्रो तहमा माथि उल्लेखित प्रकृयाअनुरूप छनौट भएका प्रत्येक परिवारबाट १२ वर्ष माथिको एक महिलालाई चयन गरिएको छ। जसको निमित्त एकभन्दा बढी महिला भएको परिवारमा गोलाप्रथालाई नै आत्मसात गरिएको छ। यसरी छनौट हुन आएका महिलाको प्रत्यक्ष अन्तरवार्ता गरिएको छ। अनुसन्धानको कममा अवलोकन विधिको समेत उपयोग गरिएको छ। आवश्यकताअनुसार गुणात्मक र संख्यात्मक तथ्याङ्कहरू प्राथमिक तथा द्धितीय स्रोतबाट संकलन गरी विश्लेषण गरिएको छ।  प्राथमीक श्रोत अन्तर्गत घरधुरी सर्वेक्षण, स्थलगत अवलोकन जस्ता माध्यमहरू प्रयोग गरिएका छन्। त्यस्तैगरि द्धितिय श्रोत अन्तरर्गत महिला का विभिन्न पक्षका सम्बन्धमा लेखिएका लेख, पुस्तक, तथ्यांक विभाग प्रकाशीत तथा अप्रकासीत लेख, साहित्यीक पत्रीका, प्रतिवेदन विभिन्न संस्थाहरूको प्रतिवेदन आदिबाट पनि आवश्यक सुचनाहरू संकलन गरिएका छन्। यसरी संकलन गरिएका तथ्यांकलाई तालिका

र चार्ट बनाई प्रस्तुत गरि आवश्यकता अनुसार व्याख्या एवं विश्लेषण गरिएको छ । यस अनुसन्धानबाट प्राप्त हुन आएका तथ्यहरूको सारांश निम्नानुसार प्रस्तुत गरिएको छ ।

शोध अध्ययनको क्रममा बरहथवा गा.वि.स. वडा नं. ८ का जम्मा ३७४ घरधुरी संख्या तथा जम्मा जनसंख्या २२९२ रहेको छ । कूल ५४.७९ प्रतिशत पुरुष र ४५.२० प्रतिशत महिला जनसंख्या रहेको छ । महिलाका परिवारमा २७० जनसंख्या रहेकोमा पुरुष ४४.०७ प्रतिशत र महिला ५५.९२ प्रतिशत रहेका छन् । महिलाको जातिगत अवस्था लाई हेर्दा सबैभन्दा बढी ब्राम्हण जातिको ३२.०७ प्रतिशत पाइयो । त्यसपछि राय र यादव जातिको क्रमश १८.८६ र २२.६४ प्रतिशत पाईयो । भने सबैभन्दा कम नेवार जातिको ५.६६ प्रतिशत बाहुल्यता बढी देखिन्छ । भने त्यस्तै गरी महिलाको परिवारको जनसांख्कि अवस्था हेर्दा १-१२ उमेर समुहका सम्पूर्ण महिला जनसंख्याको २१.८५% र सम्पूर्ण पुरुष जनसंख्याको २१.०% मात्र पाईयो । भने १३-२४ वर्ष उमेर समुहका सम्पूर्ण महिला जनसंख्याको ३५.७६% महिला रहेका छन् यो महिला तर्फ सबैभन्दा बढी जनसंख्या हो भने त्यस्तै गरी २५-३६ उमेर समूहका पुरुषतर्फ सम्पूर्ण पुरुष जनसंख्याको ३.३६% पुरुष हुनु भनेको यस उमेरका पुरुष वैदेशिक रोजगारीका लागि विदेश पलायन भएकोले गर्दा हो ७३ वर्ष भन्दा माथिका सम्पूर्ण महिला जनसंख्याको १.९८% महिला तथा सम्पूर्ण पुरुष जनसंख्याको २.५२% पुरुष रहेका छन् । यस क्षेत्रका सबै जातिहरूे हिन्दु धर्मनै मान्ने गरेको पाइयो । महिलाहरू ४७.१६ प्रतिशत विवाहित, ४५.२८ प्रतिशत अविवाहति रहेका र ७.५४ प्रतिशत विधवा अवस्थामा रहेका छन् । त्यस्तै गरी अनुसन्धानका क्रममा नमूना चयन भएका ५३ एकात्मक परिवार तथा १३.२० प्रतिशत संयुक्त परिवार रहेका छन् भने त्यस्तैगरी ९६.२२ प्रतिशत पुरुष परिवार प्रमुख तथा ३.७७ प्रतिशत मात्र महिला परिवार र प्रमुख भएको पाइयो । त्यस्तै गरी सबैभन्दा बढी मधेसी -देहाती) भाषा बोल्ने महिलाहरू ४१.५० प्रतिशत रहेका छन् । भने सबैभन्दा कम ५.६६ प्रतिशत नेवारी भाषा बोल्ने उत्तरदाताहरू रहेका छन् । कूल जनसंख्या १७१ जना मात्र पेशामा संलग्न मध्ये कृषिमा संलग्न रहेको यस क्षेत्रका मानिसहरूको आर्थिक अवस्था मध्यमवर्गीय किसिमको रहेको छ । यिनीहरूको प्रमुख पेशा कृषि भएपनि सो बाहेक जागिर श्रमिक मजदुर, व्यापार, आदि पेशा गर्ने मानिसहरू पनि यहाँ रहेका छन् । यहाँ ६६.८१ प्रतिशत अर्थात सबैभन्दा बढी कृषि पेशा गर्दछन् र सबैभन्दा कम ०.७४ प्रतिशत नोकरी पेशा गर्दछन् ।

अध्ययन क्षेत्रका महिलाका परिवारको ५ वर्ष भन्दा माथिको ६३.४९ प्रतिशत रहेको छ । जहाँ पुरुष आफ्नो जनसंख्याको ७२.४१ प्रतिशत र महिलाहरू ५२.३८ प्रतिशत मात्र साक्षर रहेका देखिन्छन् । त्यस्तै गरी ५ वर्ष माथिका साक्षरतालाई हेर्ने हो भने पुरुष निरक्षर २७.५८ प्रतिशत र महिला ४७.६१ प्रतिशत निरक्षर रहेका छन् । यसरी हेर्दा महिलाको परिवारमा अधिक संख्यामा महिलाहरू निरक्षर रहेका छन् । भने महिलाहरूको शैक्षिक अवस्था हेर्दा लेखपढ गर्न नसक्ने ४३.३९ प्रतिशत र पढ्न मात्र सक्ने ३.७७ प्रतिशत र लेखपढ दुवै गर्न सक्ने ५२.८३ प्रतिशत रहेका छन् । त्यस्तै गरी विवाह पछाडि महिलाले पढ्न पाउनु पर्दछ भन्ने धारणाा राख्ने ७५.४७ प्रतिशत महिलाहरू रहेका भने २४.५२ प्रतिशत महिला महिलाहरू विवाह पछाडि महिलाले पढ्न पर्दैन भन्ने धारणाका रहेका छन् । त्यस्तै गरी महिलाले पढ्न आवश्यक छ भने ९४.३४ प्रतिशत महिलाउत्तरदाताहरू रहेका छन् भने आवश्यक छैन भन्ने ५.६६ प्रतिशत महिलाहरू रहेका छन् । महिलाहरू मध्ये ३७.७३ प्रतिशतले विवाहका लागि महिलाले पढ्नुपर्दछ भन्ने धारणा राखेको पाइयो भने त्यस्तै गरी विवाह पछाडी अध्ययनलाई निरन्तरता दिनुपर्छ भनने ७९.२५ प्रतिशत महिलाहरूको धारणा राखेको पाइयो भने अध्ययनलाई निरन्तरता दिनुपर्दैन भन्ने धारणा राख्ने २०.७९ प्रतिशत रहेका छन् । त्यस्तै गरी महिलाहरूलाई पढाएँदा परिवारमा समस्या देखिएका छन् भन्ने धारणा राख्ने महिलाहरू ६२.२६ प्रतिशत र ३७.७४ प्रतिकशत समस्या देखिएका छैनन् भन्ने धारणा राख्ने महिलाहरू रहेका छन् । त्यस्तै गरी महिला र पुरुषलाई शिक्षामा समान अवसर र सुविधा दिनुपर्दछ भन्ने महिलाहरू ४९.०६ प्रतिशत पुरुक्षलाई बढी भन्नेहरू ४७.१७ प्रतिशत रहेका छन् भने ३.७७ प्रतिशत महिलाहरू बढी भन्ने महिलारू रहेका छन् ।

## ६.२ निष्कर्ष

वर्तमान बदलिँदो युगमा पनि यहाँको समाजमा पुरानै सामाजिक, साँस्कृतिक मुल्य मान्यताले स्थान पाइरहेकोले समाजको उन्नती र प्रगतिमा बाधा उत्पन्न गरिरहेको छ । यहाँको समग्र शैक्षिक अवस्था सन्तोषजनक नै रहेपनि लैङ्गिक दुरी निकै टाढा रहेको छ । साक्षरतामा नै निकै फराकिलो रहेको यो दुरी शिक्षाको तह बढ्दै जाँदा अझ फराकिलो हुँदै गएको देखिन्छ । हुन त शिक्षाको तह बढ्दै जाँदा दुवैको सहभागितामा ह्रास आउनु स्वभाविक नै हो तर हरेक तहमा पुरुषको तुलनामा महिलाको संख्या बढी नै घट्दै जानु र माध्यमिक तह माथिको शिक्षामा महिलाको संख्यामा एक्कासी गिरावट आउनुले भने

महिलाको शैषिक अवस्था कमजोर नै रहेको प्रमाणित गर्दछ । साथै प्राथमिक तह पछि कक्षा छोड्नेको संख्या पनि प्रसस्त पाउन सकिन्छ भने त्यस्तै गरी अविवाहिक महिलाहरू समेत कमजोर आर्थिक स्थितीका कारण विद्यालयमा भर्ना नै हुन नपाई निरक्षर भएको देखिन्छ । विद्यालय भर्ना भएकाहरू पनि ढिलो उमेरमा भर्ना भएका र जति भर्ना हुन्छन् त्यती परीक्षामा सामेल हुँदैनन् र जति सामेल हुन्छन् । ती सबै माथिल्लो कक्षामा भर्ना हुँदैनन् । यहाँ शिक्षामा छोरी बुहारीलाई समान अवसार नदिइनाले विवाहितहरूको तुलनामा अविवाहित कै शैक्षिक अवस्था यहाँ राम्रो छ । त्यहाँको समाजमा बुहारीको शिक्षालाई महतव नदिइने कारणले गर्दा जतिसुकै प्रतिभाशाली भए पनि विवाहपश्चात बिचैमा अध्ययन छोड्न महिलाहरू बाध्य छन् । यहाँका विवाहित महिलाहरू प्राय : निरक्षर छन् भने प्रौढ महिलाहरू सबै निरक्षर छन् साथै यहाँका निरक्षर केही विवाहित तथा अविवाहित महिलाहरू अनौपचारिक शिक्षामा सामेल देखिएता पनि उल्लेख्य मात्रमा सहभागि हुन सकेका छैनन् । तर प्राविधिक शिक्षामा भने एकै जना महिलाको पनि संलगनता छैन । यहाँ अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुँदा थुप्रै महिलाहरू साक्षर हुनबाट बन्चित छन् ।

समाजमा गरिने हरेक क्रियाकलाप सम्बन्धि समाजमा विद्यमान रहेका विविध तत्वहरूले प्रभाव पारिरहेका हुन्छन् । त्यसैले शिक्षा पनि त्यहाँबाट अछुतो रहन सक्दैन । समाजमा रहेका तिनै विभिन्न तत्वहरूले शिक्षामाथि पारेको र पार्न सक्ने प्रभावलाई मूल्यांकन नगरी शैक्षिक उपलब्धीको आशा राख्नु मुर्खता सिवाय केही हुन सक्दैन । त्यसैले यस अनुसन्धानबाट पत्ता लागेका महिला शिक्षा माथि प्रभावित गर्ने कारक तत्वहरूलाई निम्नानुसार बुदागत रूपमा प्रस्तुत गरिएको छ ।

- कलिलो उमेरदेखि नै महिलाहरूले घरको काम गर्नुपर्ने बाध्यताले कार्यबोझ बढि भई अध्ययनलाई उचित समय दिन नसक्नु ।
- चाडो उमेरमा नै विवाह गर्नु विवाहपश्चात् महिलाको अध्ययनमा ध्यान नदिनु र महिला शिक्षा विवाहको निमित्त मात्र आवश्यक ठानिनु ।
- समाजमा परम्परागत अन्धविश्वासकाकारण महिलाप्रति पूर्वाग्रहि दृष्टिकोणले हेरिनु ।
- विविध कारणहरूले महिलाहरू परीक्षामा बारम्बार असफल रहनु र परीक्षामा असफल भएमा अभिभावकहरूद्धारा दुरुतसाहन गरिनु ।

- महिलालाई अर्काको घरजाने जात भनि बाबु आमाले उचित लगानी गर्न हिचकिचाउनु र महिलाहरूले जति पढेपनि घरायसी काम गर्नुपर्ने बाध्यताले शिक्षाप्रति उदासिन रहनु ।
- पुरुष र महिलालाई अध्ययनमा समान अवसर र सुविधा प्रदान नगरिनु ।
- अभिभावकहरू अशिक्षित, कृषि नै बाँच्ने आधार, परिवारको आम्दानीको कमी तथा चेतनाको कमी हुनुले परिवारको समर्थन प्राप्त गर्न नसक्नु ।
- अध्ययन अध्यापन नेपाली भाषामा मात्र हुनुले अन्य मातृभाषिको निम्ति भाषिक समस्या हुन जानु ।
- गरिबीको कारणले चाडै कामको खोजिमा लागिहाल्नुपर्ने बाध्यता रहनु ।

महिला शिक्षाले स्वयम् उ र उसको परिवारमा व्यापक सकारात्मक परिवर्तन र सुधार ल्याई महिलाको गुणात्मक जीवनलाई प्रात्साहित गर्दछ र गर्नुपर्छ किनकि कुनै पनि शिक्षा प्राालीको सफलता नै गुणात्मक र अशिक्षित भन्दा फरक किसिमको व्यवहारिक परिवर्तनको जगमा अडिएको हुन्छ ।

# सन्दर्भ ग्रन्थसुचि


अधिकारी, विष्णु प्रसाद (२०६७), आशिष पुस्तक भण्डार, बागबजार काठमाण्डौं ।

अर्याल, भोजेन्द्र (२०६५), **नेपाली समाज र संस्कृतिको विश्लेषण**, ज्ञानकुञ्ज प्रकाशन काठमाडौं ।

ओझा, नेत्र (२०६३), **समाजका ढाँचाहरू**, ऐकेडेमिक बुक सेन्टर किर्तिपुर ।

**केन्द्रिय तथ्याङ्क विभाग** (२०५८), थापाथली काठमाडौं ।

डा. भद्रा, चन्द्र (२०५८), **महिला शिक्षा बार्षिक प्रकाशन, र अंक**, शिक्षा विभाग/महिला शिक्षा शाखा, भक्तपुर ।

डा. शाह, आ. के. (२०५८), **जनसंख्या शिक्षा**, ऐकता बुक्स काठमाडौं, नेपाल ।

तामाङ्ग, सेरा (२००७), **नेपालमा विकासे नारिवाद, नेपाली सन्दर्भमा समाजशास्त्रीय चिन्तन**, सोशल साइन्स वहाँका लागि हिमाल पुस्तक द्वारा प्रकाशित ।

पौडेल, तुलसीराम (२०५८), **लैगिंक अध्ययनको रूपरेखा**, निमा पुस्तक प्रकाशन, प्रदर्शनीमार्ग, काठमाडौं ।

बराल, देवकुमार (२०५४), **शिक्षा सहायक दिग्दर्शन**, मकालुबुक्स एण्ड स्टेशनरी काठमाण्डौ ।

बिष्ट, मिनबहादुर (२०४९), **शिक्षाको सिद्धान्त**, साझा प्रकाशन, पुलचोक, ललितपुर ।

युनेस्को (२००९), **एशिया प्रशान्त क्षेत्रमा शिक्षामा लैगिंकता संजाल** (जेनिया साधन सामग्री), युनेस्को काठमाडौं ।

**राज्यका समग्र क्षेत्रमा महिलाहरूको सहभागिता सम्वन्धि रणनिति** ( २०६८), कार्यपत्र प्रस्तुती, नेपाल राष्टिय महिला आयोग ।

राय, कौशल कुमार (१९७६),**भारतीय सामाजिक विचार धारा**, नविन प्रकाशन मन्दीर ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन** (२०४९), राष्ट्रिय शिक्षा आयोग, काठमाडौं ।

**राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन** (२०५५), राष्ट्रिय शिक्षा आयोग, काठमाडौं ।

रेग्मी, सरला (२०६७), **नयाँ संविधानमा महिला अधिकार कसरी सुनिश्चीत गर्ने** ? महिला अधिकार, राष्ट्रिय महिला आयोग ।

शर्मा, गोविन्दप्रसाद (२०५८) **बालबालिकाको विद्यालय शिक्षामा पहुँच र सहभागिता** : एक समाजशास्त्रीय अध्ययन, एम.ए. शोधपत्र, त्रि.वि.वि., काठमाण्डौ ।

**सर्लाही जिल्लाको वस्तुगत विवरण** (२०६३), राष्ट्रिय योजना आयोगको सचिवालय केन्द्रिय तथ्यांक विभाग, प्रकाशन शाखा तथ्यांक कार्यालय महोतरी ।

**स्थलगत अध्ययन**, (२०६८) ।

श्रेष्ठ, केशव र साथीहरू (२०६६), **लैगिंक अध्ययन**, ऐकेडेमिक बुक सेन्टर किर्तिपुर ।

# References

Acharya, Meena (1981),**The Status of Women in Nepal,** Vol.2, Part- 1, CEDA Kathmandu.gg

Acharya, Meena ( 1995) **, The status of Women in Nepal ,**Vol. V. Kathmandu, CEDA: 44- 49.

Bennett , Lynn. (1979), **Tradition and change in the legal status of Nepalese women,** The status of women in Nepal Vol. 1. Background report Part 2 . Kathmandu: CEDA T.U.

Bhasin, Kamala ( 1993) , **What is Patriachy**, Kali for women, New Delhi .

**Central Bureau of Statistics** ( CBS) , ( 2011) , Population Census Thapathali Kathmandu.

CERID, (1984**), Determinants of Educational Participation in Rural Nepal**, Kathmandu.

CERID,(1994),**Status of female Education in Nepal,** A Study Report (CERID T.U.).

Engels, fredrick ( 1978), **The Origin of the Family , private property and the state,** foreign Language press, packing .

GWPIG, (1995), **Women in Nepal :** Current Situation and Recommendations for Change, Kathmandu.

Luitel, Samira (2008**), Gender Studies,** Academic Book Center.

NLSS , ( 1996) , **National Living Standard survey**, Kathmandu .

OECD,(2010), **Gender Equality and Social Instituations in Nepal,**France.

RIDA, ( 1991), **The Status of Girl child in Nepal,** A Survey Report prepared for HUMGIMLD and UNICEF, Kathmandu .

Ritzer,George (2000),**Morden Sociological Theory** Mc Grow Hill Company, New York.

Tylor, E.B, ( 1978) , primitive Culture in Bohannan and Glazer ( ed.), **High points in Anthropology .**

UNDP, ( 1995) " **Nepal Human Development Report**, " Oxford University press, New York.

# अनुसूचीहरु

**बरहथवा गा. वि. स. का महिलाहरुको शैक्षिक अवश्था सम्बन्धी**

**सर्वेक्षण प्रश्नावली**

प्रश्नावली क. सं.

(१) उत्तरदाताको नाम :

(२) लिंग :

(३) उमेर :

(४) ठेगाना :

(५) जाति :

(६) मातृभापा :

(७) धर्म :

(८) पेशा : (क) कृषि (ख) व्यापार (ग) नोकरी (घ) अन्य

१. उत्तरदाताको पारिवारिक संरचना

| क.स | नम | घरमूलीसँगको नाता | उमेर | लिंग | धर्म | शिक्षा | पेशा |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |

(९) शैक्षिक अवश्था : (क) लेखपढ गर्न नसक्ने (ख) पढ्न मात्र सक्ने

(ग) लेखपढ मात्र गर्न सक्ने

(१०) यदि तपाई लेखपढ मात्र गर्न सक्नुहुन्छ भने तपाईले कस्तो शिक्षा लिनुभएको हो?

(क) औपचारिक : (अ) विद्यालयको कक्षा.........(आ) एस.एल.सी. (ई) प्रमाण पत्र

(इ) स्नातक (उ) स्नातकोत्तर वा माथि

(उ) प्राविधिक वा व्यवसायिक तालिम भए तह.............(ए) अन्य.................

(ख) अनौपचारिक : (अ) प्रौढ शिक्षा (आ) बाल शिक्षा

(ई) ) सिपमूलक तालिम (इ) अन्य.................

(११) तपाई हाल अध्ययनरत हुनुहुन्छ कि हुनुहुदैन ?

(क) छु (ख) छैन

(१२) यदि अध्ययनरत हुनुहुन्छ भने कुन तहमा अध्ययनरत हुनुहुन्छ ?

..........................

(१३) नेपालका धेरै महिलाहरु पढेका छैनन् तपाईले पढ्नु भएछ । कसरी यहाँ सम्म आइपुग्नु भयो त ?

..............................................................................................

(१४) तपाईले अध्ययन छोड्नु भएको भए त्यसको मुख्य कारण के - के हो ?

(क) ......................(ख).................(ग).....................(घ)......................

(१५) तपाई अध्ययनमा संलग्न नै नहुनु भएको भए त्यसको मुख्य कारण के के होलान् ?

(क) ......................(ख).................(ग).....................(घ)......................

(१६) तपाईको विचारमा पुरुष र महिलाले अध्ययनमा समान अवसर र सुविधा पाउनु पर्छ कि पर्दैन ?

(क) अवसर : (अ) समान (आ) पुरुष ले बढि (इ) महिलाले बढि

(ख) सुविधा : (अ) पुरुष लाई बढि (आ) महिलालाई बढि (ई) बराबरी

(१७) तपाईको विचारमा महिलाले पढ्नु आवश्यक छ ?

(क) छ (ख) छैन

(१८) यदि छ भने किन ?

(क) ......................(ख).................(ग).....................(घ)......................

(१९) छैन भने किन ?

(क) ......................(ख).................(ग).....................(घ).....................

(२०) तपाईको घरबाट नजिकको विद्यालय पुग्न कति समय लाग्छ ?

(क) २० मिनेट भन्दा कम (ख) २०-४० मिनेट

(ग) ४०-६० मिनेट (घ) सो भन्दा माथी

.(२१) तपाईको परिवारमा महिलालाई पढाउँदा केहि समस्या देखिएका छन ?

(क) छन् (ख) छैनन्

(२२) छन् भने के समस्या देखिएका छन् ?

(क) ......................(ख).................(ग).....................(घ).................

(२३) तपाईको बिचारमा महिलाले विवाह पछाडि पनि निरन्तर रुपमा पढ्न पाउनु पर्छ ?

(क) पर्छ (ख) पर्दैन

(२४) यदि पर्छ भने किन ?

(क) ......................(ख).................(ग).....................(घ).................

(२५) यदि पर्दैन भने किन ?

(क) ......................(ख).................(ग).....................(घ)..................

(२६) महिलाले शिक्षा प्राप्त गर्न तपाईको समुदायमा कुनै समस्या छ कि छैन ?

(क) भापाको समस्या (ख) धर्मको समस्या (ग) पढ्ने चलन नभएको

(घ) पढ्नुपर्छ भनेर थाहा नभएको (ङ) जातिगत कारण (च) अन्य

(२७) तपाईको बिचारमा महिलाले किन पढ्नुपर्छ जस्तो लाग्छ ?

(क) विवाह गर्न (ख) आत्मनिर्भर बन्न

(ग) परिवार शिक्षित गराउन (घ) माथिका सबै (ङ) अन्य............

(२८) महिलाहरु शिक्षालाई किन निरन्तरता दिन सक्दैनन् ?

(क) विवाह गरेर गए पछि समय नमिल्ने हुदा

(ख) विवाह गनएका लागि मात्र पढ्ने हुदाँ

(घ) बारम्बार परिक्षामा असफल हुने हुदा (ङ) पढ्ने संस्था नजिक नहुँदा

(च) परम्परागत् काम गर्नुपर्ने भएकोले (छ) अन्य.............

(२९) तपाईको परिवारको मुख्य आयस्रोत के हो ?

(क) कृषि (ख) व्यापार (ग) नोकरी (घ) अन्य.....................

(३०) तपाई सँग आफ्ना नाममा जमिन छ कि छैन ?

(क) छ (ख) छैन

(३१) यदि छ भने कति छ ?

(क) कट्ठा (ख) बिगाह (ग) धूर

(३२) आफ्नो जमिनबाट प्राप्त आम्दानीले परिवारमा खानाको प्रयाप्तता कति समयसम्म पुग्छ ?

(क) ३महिना सम्म (ख) ६महिना सम्म (ग) ९महिना सम्म

(घ) १बर्ष सम्म (ङ) अन्य..........................

(३३) तपाईको आर्थिक अवश्था कुन वर्ग भित्र पर्दछ ?

(क) उच्च (ख) मध्यम (ग) निम्न मध्यम (घ) निम्न

(३४) तपाई परिवारमा कस्तो कस्तो काममा कति कति समय खर्च गर्न हुन्छ ?

(क) घरभित्र मात्र...........घण्टा (ख) घरबाहिर मात्र..........घण्टा

(३५) तपाईको घर बाहिरका कुनै सामाजिक काममा पनि संलग्नता छ कि छैन ?

(क) छ (ख) छैन

(३६)    यदि छ भने कस्तो काममा संलग्नता छ ?

(क) ......................    (ख).................    (ग)....................

(३७)    महिला शिक्षाको सम्बन्धमा तपाईलाई अरु केहिभन्नुछ ?